प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

jif{!$ cª\s ! k"0ff{ª\s &# ljwfsljz]if ;flxlTos klqsf @)&* j}zfv–Ho]7

संस्थापक
**वसन्तकुमार शर्म्मा `नेपाल'**

संरक्षक
**राधादेवी शर्मा**

निर्देशक
**विनयकुमार शर्मा नेपाल**

प्रधान सम्पादक
**ठाकुर शर्मा भण्डारी**

सम्पादक
**यादव भट्टराई**

अतिथि सम्पादक
**डा. घनश्याम न्यौपाने `परिश्रमी'**

सहयोगी
**कमला नेपाल**
**महेशप्रसाद रिजाल**
**भाभा शर्मा**
**आभा शर्मा**
**मातृका आचार्य**
**विभव नेपाल**

प्रकाशक

**शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौँ

**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web: http://nepalipublisher.com / http://shabdarthaprakashan.com

;"rgf M j}hoGtLdf k|sflzt /rgfsf] ;DkÂ"0f{ lhDd]jf/ :jod\ n]vs g}xg\5g\.

# सम्पादकीय

● नेपाली साहित्यको सेवामा समर्पित वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिकाको लक्ष्य भनेको नेपाली साहित्यमा विधागत संवर्द्धन र प्रबर्द्धन गर्नु हो ।

● नाटक/एकाङ्की, चाड/पर्व, संस्कृति, विदेशयात्रा र स्वदेशयात्रा, पूर्वस्मृति, राष्ट्रियव्यक्तित्व, संस्मरण, निबन्ध, मुक्तक, गीत, गजल, गद्यकविता, छन्दकविता, लघुकथा, कथा, लघुउपन्यास, समीक्षा आदि सात सयभन्दा धेरै स्रष्टाका अनेक विधा उपविधाका हजारौँ रचना प्रकाशन गरिसकेको सर्वविदितै छ ।

● वैजयन्ती पत्रिका विधाकेन्द्री पत्रिका भएको हुनाले अहिले छन्दकविताको पालो आएको छ । नेपाली भाषा-साहित्य मात्र नभई संसारको जुनसुकै भाषा-साहित्य भित्र सबैभन्दा धेरै लेखिने र छापिने विधा हो कविताका विविध विधा-उपविधा । नेपालमा कविताका मुक्त र बद्ध लय दुई रूपमा कविता, काव्य, खण्डकाव्य, महाकाव्य आदि लेखिँदै आएका छन् । वैजयन्तीले पनि छन्द र गद्यका रूपमा कविताका विविध रूप मुक्तक, गजल, गीत, गद्यकविता र छन्दकविताका अङ्कहरू निकाल्दै आएको सर्वविदित नै छ ।

● आफ्नो लक्ष्य अनुकूल वैजयन्तीले सम्बन्धित विधाको जानकारी **वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिका** र **वैजयन्ती साहित्यिक पत्रिका** नामको फेसबुक भित्तोबाट दिइरहेकै छ र यसै अनुकूल लेख रचनाहरू पनि प्राप्त गरिरहेकै छ ।

● वैजयन्तीले यस अघि मुक्तक अङ्कको रूपमा अङ्क ३४, ४६, ५३, प्रकाशित गरिसकेको छ र अहिले यो ७३ अङ्क पनि यहाँहरूको हातमा आएको छ र यस अङ्कका ९१ गजलमा 'रमल मुसम्मन महजुफ, रमल मुसद्द महजुफ, मुतकारिब अस्लम मकबुज, हजज मुसम्मन मकबुज, मुतकारिब मुसम्मन महफुज, मुतदारिक मुसद्दस मक्तुअ, हजज अखरब अबतर मुसद्दस, मुजारे' आदि अनेक बहरहरू प्रयोग भएका छन् ।

● वैजयन्तीलाई माया गरेर आफ्ना रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक साहित्यकार एवं पाठकहरुबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौँ ।

● **शब्दार्थ प्रकाशन**को **वेब साइट** http://shabdarthaprakashan.com वा http://nepalipublisher.com का साथै http://www.khabarinepal.com **को** Hotlink **मा वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

**संस्कृति-१, पूर्वस्मृति-१, लघुउपन्यास-१, चाड/पर्व-१, नाटक/एकाङ्की-२, गीत-१, विदेशयात्रा-२, मुक्तक-३, गजल-४, राष्ट्रिय-व्यक्तित्व-५, लघुकथा-४, स्वदेशयात्रा-४, संस्मरण-६, गद्यकविता-६, कथा-६, निबन्ध-७ समीक्षा-७, छन्दकविता-११ ओटा अङ्कहरू निकालिसकेको**

**साहित्यिक पत्रिका वैजयन्तीको**

**७४ औँ अङ्क मुक्तक-४ हुनेछ ।**

## यस अङ्कमा


| रचनाकार क्रम | पृष्ठ |
|---|---|
| १. अजीव अर्याल | ५ |
| २. अनुराधा शर्मा | ६ |
| ३. अनु विज्ञाति | ७ |
| ४. अमर त्यागी | ८ |
| ५. आँचलकुमार शर्मा | ९ |
| ६. उर्मिला कार्की | १० |
| ७. कमला महत | ११ |
| ८. कलानिधि दाहाल | १२ |
| ९. कविराज घिमिरे | १३ |
| १०. कुमार अविरल | १४ |
| ११. कुमार दाहाल 'कुसुम' | १५ |
| १२. कुशलनाथ योगी | १६ |
| १३. केशवराज आमोदी | १७ |
| १४. गङ्गा आचार्य सापकोटा | १८ |
| १५. गोर्खे साइँलो | १९ |
| १६. गोविन्द विनोदी | २० |
| १७. डा.घनश्याम न्यौपाने 'परिश्रमी' | २१ |
| १८. चन्द्रप्रसाद न्यौपाने | २२ |
| १९. चिरञ्जीवी सिग्देल | २३ |
| २०. जनक रसिक | २४ |
| २१. जनार्दन दाहाल | २५ |
| २२. टक गुरुङ | २६ |
| २३. टीकाराम न्यौपाने 'प्रतीक' | २७ |
| २४. तोयानाथ सुवेदी | २८ |
| २५. तिलाचन बस्याल | २९ |
| २६. दिलु थापा मगर | ३० |
| २७. दीप मिलन | ३१ |
| २८. दुर्गा क्षेत्री | ३२ |
| २९. दुर्गा थापा मगर | ३३ |
| ३०. देवी पन्थी | ३४ |
| ३१. धर्मिला कार्की | ३५ |
| ३२. ध्रुवप्रसाद गजुरेल | ३६ |
| ३३. नरेन्द्रराज पौडेल | ३७ |
| ३४. नारायण खनाल | ३८ |
| ३५. नारायण गैरे | ३९ |
| ३६. नारायण नेपाल | ४० |
| ३७. निमा डि.सी | ४१ |
| ३८. पुरुषोत्तम सिग्देल | ४२ |
| ३९. पुष्कर अथक रेग्मी | ४० |
| ४०. पुष्प अधिकारी 'अञ्जलि' | ४३ |
| ४१. पौडेल विमुन्स | ४४ |
| ४२. प्रकाश पाण्डे | ४५ |
| ४३. प्रताप अधिकारी | ४६ |
| ४४. डा. प्रदिप मैनाली 'स्वनाहम्' | ४७ |
| ४५. प्रियंवदा काफ्ले | ४८ |
| ४६. बालकुमारी घिमिरे | ४९ |
| ४७. बालकृष्ण लामिछाने | ५० |
| ४८. बूँद राना | ५१ |
| ४९. भगवती दवाडी | ५२ |
| ५०. भुवन निस्तेज | ५३ |
| ५१. भूपि सरोवर | ५४ |
| ५२. भूमिराज तिमिल्सिना 'पुनर्जन्म' | ५५ |
| ५३. भोजराज घिमिरे | ५६ |
| ५४. मञ्जु श्रेष्ठ | ५७ |
| ५५. महादेव अधिकारी | ५८ |
| ५६. महेन्द्रप्रसाद चापागाईं | ५९ |
| ५७. मिलनकुमार ढुङ्गाना | ६० |
| ५८. मीरा ज्ञवाली | ६१ |
| ५९. मेघनाथ 'बन्धु' | ६२ |
| ६०. मोहन गौतम | ६३ |
| ६१. यज्ञलाल सुवेदी | ६४ |
| ६२. युसुफदिन मियाँ 'पाल्पाली' | ६५ |
| ६३. राजेन्द्र 'घायल' | ६६ |
| ६४. रामराजा तिमिल्सिना | ६७ |
| ६५. राम्जि रानाभाट | ६८ |
| ६६. लकाश पौडेल | ७९ |
| ६७. लक्ष्मी उपाध्याय | ७० |
| ६८. लीलाराज दाहाल | ७१ |
| ६९. वासु काफ्ले | ७२ |
| ७०. विनयकुमार शर्मा नेपाल | ७३ |

७१. विन्दा पराजुली बराल ७४
७२. विवश पौडेल ७५
७३. विष्णुदीप सङ्कल्प ७६
७४. विष्णु न्यौपाने ७७
७५. वीर मुन्तशिर 'तखल्लुस' ७८
७६. वेदप्रसाद रिजाल ७६
७७. शर्मिला तिमल्सिना ७९
७८. शान्ति अधिकारी पोखे्रल ८०
७९. सङ्गम सुधा ८१
८०. सत्यराज जोशी 'पङ्कज' ८२
८१. सीता शर्मा 'शीत' ८३
८२. सुनिता बराल ८४
८३. सुमन शर्मा ८५
८४. सिर्जना खनाल ८६
८५. सिर्जना सरोवर ८७
८६. स्पन्दन विनोद ८८
८७. हरि पराजुली ८९
८८. हरि रिजाल 'हरिप्रिया' ८७
८९. हरिशरण खतिवडा ९०
९०. हिमोढ पहाडी ९१
९१. हुसैन खाँ ६९


स्थायी स्तम्भ


**आवरण चित्र** : सुबोध घिमिरे, हाल : क्यालिफोर्निया, अमेरिका

**पुछारको पातो** :

गजलमा बहर र लचकताको निरूपण डा.घनश्याम न्यौपाने 'परिश्रमी' ९४

नेपालका केही पुस्तक पसलहरू : १०७

शब्दार्थ प्रकाशनका पुस्तकहरू : १११



नेपाल-साहित्य समाज

**'वसन्त-राधा पद्यकाव्य पुरस्कार'बाट सम्मानित**

१. २०६८ डिल्लीरमण शर्मा अर्ज्याल
२. २०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
३. २०७० बुनू लामिछाने
४. २०७१ भुवनहरि सिग्देल
५. २०७२ लक्ष्मीकुमार कोइराला
६. २०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
७. २०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
८. २०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने
९. २०७७ डा.रामप्रसाद ज्ञवाली

**'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान'बाट सम्मानित**

१. २०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी
२. २०६९ चिसाखोला आश्रम, पोखरा
३. २०७० भागवत् सन्न्यास आश्रम, पशुपति
४. २०७१ पवित्र समाज सेवा नेपाल, धापासी
५. २०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
६. २०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
७. २०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी
८. २०७५ द ओरफान होम, बाजुरा
९. २०७७ नेपाली शिक्षा परिषद्, काठमाडौं






**अजीव अर्याल**

मिल्यो माया सजाएको छु मैले
अजीवको प्यार लाएको छु मैले

दियौ विश्वास ठूलो जिन्दगीमा
हियाको यार पाएको छु मैले

नयाँ मान्छे नयाँ नाता नयाँपन
असाध्यै मन पराएको छु मैले

हुने खाने भयौ होला तिमी झन्
रहर जम्मै लुकाएको छु मैले

म माफी पाउँदिन सायद जुनीभर
हजुरको मन दुखाएको छु मैले ।
सूत्र : १२२२.१२२२.१२२

**


**अब हाम्रो पालो**
मुक्तक अङ्क, निबन्ध-समालोचना (हिरकअङ्क) ।

**अनुराधा शर्मा**

जिन्दगीले सधैं पानी माग्न थाल्यो
यो मरुभूमिमा तिर्खा जाग्न थाल्यो

प्यारले प्यारमा अँगालो भरेर
त्यो नजरको तिरै दिलमा दाग्न थाल्यो

चुम्छ अधर मेरो मद्होसी भएर
जिन्दगीले सबै पीडा त्याग्न थाल्यो

कस्तो आयो खुसी आँखा लोभिएर
रातको निंद नि छिटो भाग्न थाल्यो

प्रेमको साधना हरपल मुस्कुराई
जिन्दगीको कथा मीठो लाग्न थाल्यो ।
सूत्र : २१२२.१२२२.२१२२

काठमाडौं ।

✱✱

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।





**अनु विज्ञाति**

माया भएर दिलमा सानी भने छु मैले
आएर कानमा नै रानी भने छु मैले

सक्छौ भने त माया घोली पिलाऊ आजै
हुन्छ्यौ नि आफ्नु मान्छे ठानी भने छु मैले

तर्केर हिँड्ने तिम्रो के बुझ्नु चाल त्यस्तो
सर्माउने रहेछौ बानी भने छु मैले

क्या चट्ट देख्छु तिम्रो शालीन शान्त रूप
लम्केर झट्ट आँखा तानी भने छु मैले

आयौ कि स्वर्गबाटै छौ सुन्दरी परी झैं
केही हजारमध्ये छानी भने छु मैले ।
सूत्र २२१. २१२२.२२१. २१२२

बेलबारी, मोरङ ।

✱✱

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/

## अमर त्यागी

धरा व्योम हो जिन्दगी जूनतारा
नयाँ हर्षको मूल हो अश्रुधारा

चढेका यहाँ छौं डुङ्गाभित्र हामी
बनी यात्रु आफन्त वा मित्र सारा

कहीं चित्त साट्छौं कतै दुःख बाँड्छौं
मिली साथमा पुग्नलाई किनारा

जता बग्छ हावा उतै बग्नुपर्ने
यहाँ बाध्यताको अमिल्दो छ पारा

सबै साथ छुट्छन् गरी एकएक
फगत अन्त्यको मृत्यु नै हो सहारा।
सूत्र : १२२.१२२.१२२.१२२

**

http://www.nepalipublisher.com
**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**





## आँचलकुमार शर्मा

बन्धक बनाई दुनियाँ रमिता भएको हेर्छ
यस्तै त हो नि खाडल पानी जमेको हेर्छ

छोडेर जानेलाई पर्खेर बस्छ कोही
घरभित्रको अँध्यारो ढोका खुलेको हेर्छ

बाँच्दा खुसीले बाँच्नू अर्ती दिए छ मनले
खुल्ला गगन उपर ऊ बेलुन उडेको हेर्छ

अग्राख जस्तो यो मन ज्वाला भए जलाए
'आगो' भने मुसुक्क खर सल्किएको हेर्छ

सिन्को समेत भाँच्ने तिम्रा हुती भएनन्
टाढा बसेर 'कौशल' टपरी बुनेको हेर्छ

सञ्जीवनी बुटीले केही नहोस् हमेसा
बाँच्नू तिमी धरामा यदि म मरे को हेर्छ

मनका रहर भनेका लाल्टिन त हुन् निशाका
राक्षससरी यो रात्री, लाल्टिन निभेको हेर्छ।
सूत्र २२१.२१२२.२२१.२१२२

टोखा न.पा.-१ काठमाडौं।

**

**उर्मिला कार्की**

उडेको छ यो मन फुलेको सिमल झैं
ऊ फर्कन्छ आखिर निभेको मकल झैं

गजल गीत पढ्दा विनाछन्द लयमा
सरल हुन्न जीवन बहरका गजल झैं

नयनका डिलैमा नदेखाऊ आँसु
अनायास खोली परेली पसल झैं

भयो बाँच्न गाह्रो अलग्गै अलग्गै
तिमी सामु आऊ बनौं वर पीपल झैं

न आशा भरोसा कतै केही पाएँ
बगेकै छ धारा बनी आँसु जल झैं ।
सूत्र : १२२.१२२.१२२.१२२

चितवन ।

**

के तपाईंले युट्युब र फेसबुकबाट हाम्रो
खबरी नेपाल
**Khabari Nepal** का
कार्यक्रमहरू हेर्नुभएको छ ?





**कमला महत**

आशाहरू कुरेका कैयौं बगरहरू छन्
खोज्दै खुसी चुमेका हेर्ने रहरहरू छन्

यो साथ बस्नुपर्ने छ बाचा जिन्दगीको
गाह्रो छ भुल्न पीडा धेरै कहरहरू छन्

बेथाहरू अझै छन् बाँकी भुलेर आऊ
विश्वास खोजिएका कोसौं सफरहरू छन्

बोलेर हेर सच्चा विद्वेष भाव त्यागी
निष्काम चाहनाका धेरै जहरहरू छन्

उस्तै छ चाह उस्तै प्रेमिल छ जल्छ यो
बुझ्नै नचाहने दिल दोषी नजरहरू छन् ।
सूत्र : २२१.२१२२.२२१.२१२२

**

के तपाईंलाई थाहा छ ?
हामी २०७६ र २०७७ को वर्ष पुस्तकमा जुटिसकेका छौं ।
प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दछौं ।
त्यसको लागि हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।
साहित्य संवर्द्धन केन्द्र
चाबेल, काठमाडौं १७७-०१-४४९७३५१/९८४११४४५१०

**कलानिधि दाहाल**

कालको चक्रमा दौडिने चाल यो
भौतिकी भालमा राखिने पाल यो

छैन क्यै सारमा धुर्तका द्वारमा
स्वच्छता गुञ्जिने मानवी काल यो

झर्झरी झर्नु नै पर्छ झर्नासरी
दिव्यता दागिए हुन्न क्यै साल यो

मेरु हौं भित्रका दाग यी मेटिने
हैमझौं टल्टली टल्कने ढाल यो

भावमै भावको चुल्ठिने झल्किने
होस् मनोलोक नै सागरी छाल यो।
सूत्र : २१२.२१२.२१२.२१२

**

के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?





**कविराज घिमिरे**

माया नमार भन्दै हाँसो दिएर जान्छिन्
रित्तिन्न प्यार कहिल्यै नासो भिरेर जान्छिन्

तिम्रो पछाडि लाग्ने सारा भए हरामी
बाटो थुनेर आएँ भन्दै उठेर जान्छिन्

तिम्रो छ रूप राम्रो रोगी छ मन अझै त्यो
दोधारमा छु बस्न भन्दै लुटेर जान्छिन्

गफ मात्र धरहरा जस्तो शुद्ध छैन त्यो मन
जाऊ पखाल भन्दै वाचा भुलेर जान्छिन्

बाँदरहरू पुगेछन् सत्ता समाल्नलाई
गर्दै बिगार हिंड्छन् भन्दै थुकेर जान्छिन्।
सूत्र : २२१.२१२२.२२१.२१२२

भक्तपुर।

**

के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?

**कुमार अविरल**

देखाएर माया अनेकौं विश्वास व्यर्थै भयो
भन्थ्यौ बस्छु तिम्रो हियामा सब आश व्यर्थै भयो

माया जाल रच्दै अनौठो धोका दियौ आज किन ?
धन सम्पत्ति सब नाश मेरो उल्लास व्यर्थै भयो

जीवन मेरो चर्खा घुमे जस्तै घुम्न थाल्यो यहाँ
भेट्ने दाउ बोकी गए उनको पास व्यर्थै भयो

भोकै बस्छु यो जिन्दगीमा मर्नै परे मर्छु म
के सक्थें र मैले प्रिया खानै गास व्यर्थै भयो

तिम्रो प्रेम झूटो थियो सच्चा सम्झिएको थिएँ
दिलकी प्रीत सोच्दा जीवन सत्यानाश व्यर्थै भयो ।
सूत्र : २२२१.२२१२.२२२१.२२१२

**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।





**कुमार दाहाल ‘कुसुम’**

आजको लडाइँमा हार्नु हुन्न जिन्दगी
साथ बाँच्नुपर्छ रे ! मार्नु हुन्न जिन्दगी

एक एक अंशमा भाव लुक्छ सत्यको
सत्यभित्रको कुरा सार्नु हुन्न जिन्दगी

भोक, शोक, रोगले दुख्छ पोल्छ आँतमा
क्रोध लोभमा सधैं खार्नु हुन्न जिन्दगी

गर्नुपर्छ कर्मको युध्द मर्ममा छुने
चढ्नुपर्छ चन्द्रमा झार्नु हुन्न जिन्दगी

अस्मिता अटाउने प्राण हुन्छ गर्विलो
बुझ्नुपर्छ गर्तमा पार्नु हुन्न जिन्दगी ।
सूत्र : २१२.१२१२.२१२.१२१२

वागमती -५, सर्लाही

**

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**
सबै भिडियो यता छन् ।
1. https://www.youtube.com/Shabdartha Music SM/
2. https://www.youtube.com/Shabdartha Prakashan\

**कुशलनाथ योगी**

हेर्दा कालो तिम्रो छाला
साह्रै राम्रो चालामाला

बढ्यो फडानी पर्‍यो खडेरी
सुके त्यसैले खोलानाला

यो कोमल दिल हरपल रेट्छन्
नशालु आँखा बनेर भाला

चुरा सिसाकै छैनन् मसँग
दिउँला कसरी सुनको बाला

किन पीडामा दूर हुनेले
सुखमा व्यर्थै चुम्दछ गाला

कङ्गाल भनी गर्‍यौ प्रमाणित
तिमी रहेछौ प्रयोगशाला

आफ्नो प्यारो 'नाथ' बनाई
सुम्पिन खोज्छौ चाबी ताला।
सूत्र : २२.२२.२२.२२

कालीकोट।

✱✱





**केशवराज आमोदी**

सङ्घर्षमा सुस्त बतास आयो
आफै बनी प्रात उदास आयो

फैलेर सारा कु-विचार-रोग
सामन्तका साथ विलास आयो

भो बन्द नेपाल बढी अशान्ति
नौला खुले द्वार निकास आयो

सङ्ग्राम उल्टी गणतन्त्र थोत्री
सङ्घार नाघेर निराश आयो

छैनन् कतै सुन्दर बस्ती फाँट,
लौ मच्चिदै बादल-त्रास आयो।
सूत्र : २२१२.२११२२.२२

रत्ननगर, चितवन।

✱✱

**अब हाम्रो पालो**
निबन्ध अङ्क, मुक्तक अङ्क।

**गङ्गा आचार्य सापकोटा**

उहाँ मान्छे गुणी भन्दै हजुरका
भए चर्चा यहाँ धेरै हजुरका

गऱ्यो सन्तानले उन्नति भनेर
थिए माता पिता मख्खै हजुरका

निकै सद्भावले वृत्तान्त सोधे
रहेछन् ती सबै आफ्नै हजुरका

सदाचारी भनी विश्वास गर्छन्
इमान्दारी कुराबाटै हजुरका

निराशामा सधैं उत्साह थप्ने
थिए साथीहरू राम्रै हजुरका।
सूत्र : १२२२.१२२२.१२२

बागलुङ।

**

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/





**गोर्खे साइँलो**

उदारेर छाला हटाएर बोक्रो
रमाएर खाए भयो देश खोक्रो

अझै देश पारे निचोरेर सुख्खा
निखारेर पानी सुकाएर छोक्रो

यी नेता बिछट्टै पूरै देश चुस्ने
भयो राज्य यिनकै छ ढुकुटी र ठोक्रो

न सेवा न पैसा छ भोकै बसेको
अझै कष्ट उनकै पिठ्यूँमा छ धोक्रो

छ खाना सुगन्धी ठूलाका निमित्त
दुःखी ओठ कलेटी लगाएर कोक्रो।
सूत्र : १२२.१२२.१२२.१२२

**

**शब्दार्थ प्रकाशन**ले
**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र
अझै अरू प्रकाशन गर्दै छ।
के तपाईं पनि कोशकार हुनुहुन्छ ?
आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?

**गोविन्द विनोदी**

जो हिजो फूल भै यहाँ आए
आज काँडा बनेर तर्साए

गाउँछौं गान राष्ट्रको भन्थे
आज आफ्नै प्रशस्ति गुञ्जाए

'सर्वहारा' थिए हिजो जो जो
मान सामन्तको छिटै पाए

दीनता यो मिटाउँछौं भन्दै
दीन-आस्था पकाउँदै खाए

लोकको तन्त्र नाम नै बेची
देशमा लूटतन्त्र मच्चाए।
सूत्र २१२-२१२-१२२२

नवलपुर।

✱✱

के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?





**डा. घनश्याम न्यौपाने परिश्रमी**

कोरो नठान भाइ ! मलमल म हुँ
कोमल छ भाव मनमा मङ्गल म हुँ

बर्सिन्छु एक दिन धर्तीमा जरुर
हावाले खेदिएको बादल म हुँ

तिम्रो छ बैंस तातो उम्लिन्छ झैं
राहत दिने छु छाया पीपल म हुँ

हेराइमा हुने हो राम्रो खराब
टेढा नजरहरूमा पागल म हुँ

होलान् विवाद, छलफल वा तर्क नै
हर प्रश्न वा समस्याको हल म हुँ

सङ्घर्षमा छ जीवन चल्दै अझै
कहिल्यै नथाक्ने बलियो प्रतिफल म हुँ।
सूत्र : २२१२. १२२.२२१२

✱✱

के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?

**चन्द्रप्रसाद न्यौपाने**

मार्ला झैं छ उसकै देश भो
पार्ला झैं अब भयो शेष भो

सुल्टो हिंड्दछु म बाटो चुनी
उल्टो बुझ्दछ यही केश भो

खेल्छन् खेल अझ झोलीहरू
मेरा नै मत यहाँ चेस भो

के हो राज्य भन अस्तित्व के
अर्काकै चलनको भेष भो

धारे पत्थर तिखा मार्गका
छौ बेकार र ममा ठेस भो।
सूत्र : २२२.१११. २२१. २

**

**तपाईंले हामीलाई भेट्न खोज्नुभएको हो ?**
रचना, विज्ञापन वा पुस्तक-पत्रिकाको लागि
**शब्दार्थ प्रकाशनको कार्यालय-चाबेल, गणेशस्थान**
**०१-४४९७३५१/९८४१-४९६१०३**
**mail:** nepal. vk@hotmail.com / nepal120@yahoo.com /
shabdarthaprakashan@gmail. com
**web:** shabdarthaprakashan.com / nepalipublsher.com





**चिरञ्जीवी सिग्देल**

खोजेर हेर साँच्चै यो राष्ट्रको पुजारी
सत्ता म हाँक्छु भन्दै आयो उही मदारी

गोली र अस्त्र बोक्यौ देख्यौं यहाँ तमासा
पोसेर कार्यकर्ता लौ देशको भकारी

पालेर दम्भ मनमा जित्छौं भनी धरा यो
थापेर देश च्याँखे खेल्छन् बडो जुवारी

मानेर नीति आफ्नो पेवा नहोस् कसैको
यो देश हो सबैको शीतल दिने छहारी

सम्झेर धर्तीलाई बालौं न दीपज्योति
यो देश खोज्न थालोस् रोएर अश्रु झारी।
सूत्र २२१-२१२२/२२१-२१२२

गोदावरी-३, ललितपुर।

**

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

**जनक रसिक**

अवसर सबै अगाडि पालो पुछारमा छ
सपना त छन् हजारौं खै के निधारमा छ

कस्तो छ भ्रम अनौठौ त्यो जूनले छरेको
आफू कता सगरमा छाया इनारमा छ

त्यस्तो महङ्गो छैन आऊ खरिद्न यो दिल
थोरै नगद तिरेमा बाँकी उधारमा छ

ती डोब पैतलाका मेटेर मात्र जाऊ
तिम्रै सफर पछाडि कोही सिकारमा छ

उस्तै कहाँ छ धर्ती उस्तै कहाँ छ मान्छे
पतझर समान कोही, कोही बहारमा छ ।
सूत्र : २२१.२१२२.२२१.२१२२

धनगढी, कैलाली ।

✱✱

के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?





**जनार्दन दाहाल**

नसोधी हिँडेछौ लिई त्यो जवानी
भरोसा लियौ त्यैं गयौ राजधानी

छ हल्ला र धूवाँ धुलोको खजाना
सुनेको छु मैले भयौ रे ! निसानी

गुनासो गरेको छु मैले नि धेरै
सुधार्ने भएनन् कसैले नि बानी

छ चिन्ता मलाई बिरामी हुँदाको
कसैले नसोध्ने भयो अन्न पानी

उधारै उधारो बिताएर जीवन
बसेको छु सस्तो भयो जिन्दगानी ।
सूत्र : १२२.१२२.१२२.१२२

✱✱

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

**टक गुरुङ**

भित्रियो दिलमा सधैं भर बस्न आए जस्तो
रैछ घरमा गौंथलीले गुँड लगाए जस्तो

एउटा औसत शहर मात्रै उजाडेको हुँ
गर्छ हावाले पछ्यौरी नै उडाए जस्तो

लाग्छ यो सरकारले कुर्सी समाएको पनि
बेस्सरी बालकले खेलौना समाए जस्तो

बन्द गर्नुस् या बदल्नुस् लौन यस्तो दृश्य
कत्ति हेर्नै नाउ माझीले डुबाए जस्तो

एक पलको साथ देऊ भन्नु पहिले मैले
गर्न थाल्यौ मृत्युले निम्तो पठाए जस्तो

आइदिन्छन् यादका ताँतीहरू दिलभित्र
सङ्लिने बेला कुवालाई चलाए जस्तो

यो मुलुकलाई सधैं नेताहरूले गर्छन्
फिरफिरेलाई हुरीले सुम्सुम्याए जस्तो

पाहुना आयो बसाइँ जान हिँड्ने बेला
झुत्रिएको वस्त्र काँडाले समाए जस्तो

लाग्छ तेरो शेरमा अन्दाजको हालत टक
एउटा युग चीर निद्रामा निदाए जस्तो ।
सूत्र : २१२.२२१२.२२१२.२२२

हाल : संयुक्त अरब इमारात, शारजाह ।

✱✱





**टीकाराम न्यौपाने प्रतीक**

पराई बनायौ जलाएर छोड्यौ
मलाई तिमीले डुबाएर छोड्यौ

म के भन्नु प्यारी, कुनै अर्थ देऊ
मुटु यो छिया नै बनाएर छोड्यौ

कुनै अर्थ मिल्दैन हाम्रो कुरामा
नमिल्ने कुरा त्यो बताएर छोड्यौ

ऊ जान्दैन, बुझ्दैन कस्तो छ भन्नु
तिमीले खसाल्यौ हराएर छोड्यौ

म त्यो हो सलाई र काँटी सुकेको
नभन्नू मलाई डढाएर छोड्यौ ।
सूत्र : १२२.१२२.१२२.१२२

भरतपुर २५ चितवन ।

✱✱

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/

**तोयानाथ सुवेदी**

ठूलो भो चोट यो मेरो अचानो धान्न सक्दैन
भनौं मैले कहाँ गै यो नदेख्दा मान्न सक्दैन

गडेको घाउले गर्दा सदा भोग्दै बस्यो पीडा
कलेजो भित्रको बेथा अरूले जान्न सक्दैन

थियो भारी ठूलो ज्यादै उचाल्ने शक्तिले दूरी
गुमाएको हुदा एक्लै लुसुक्कै तान्न सक्दैन

भकुण्डो उफ्रँदै जाँदा त्यहाँ हेर्ने भए धेरै
विनाखुट्टा उसै गोल्की उफार्दै हान्न सक्दैन

भयो अन्धो भने त्यस्ले कतै केही न देख्ने भो
उसैलाई दिए केही कुरा त्यो छान्न सक्दैन।
सूत्र : १२२२.१२२२.१२२२.१२२२

कागेश्वरी मनहरा-९ काठमाडौं।

**


**के तपाईंले युट्युब र फेसबुकबाट हाम्रो**
**खबरी नेपाल**
**Khabari Nepal का**
**कार्यक्रमहरू हेर्नुभएको छ ?**






**तिलाचन बस्याल**

कसैको मार्ग खोजीमा बन्यो यात्रा रहर सायद
उचित गन्तव्यमा पुग्ने बन्यो आधा रहर सायद

नियतको आँकुरा उस्तै पलाओस् भिन्न आस्था हो
असल बन्ने लहडमा झन् बन्यो ढुङ्गा रहर सायद

निषेधित क्षेत्रमा हेर्दा नजर आफै दोषी हुन्छन्
नजरभित्रै हराएको बन्यो आँखा रहर सायद

फिरन्ते वायुको कारण सयौं आकार फेरिन्छिन्
विलासी जिन्दगी खोज्ने बन्यो हावा रहर सायद

उकालो हिंड्नलाई खुद तयारी पूर्ण चाहिन्थ्यो
विना औचित्यको टुङ्गो बन्यो खुट्टा रहर सायद।
सूत्र : १२२२.१२२२.१२२२.१२२२

स्याङ्जा।

**


**http://www.nepalipublisher.com**
**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**

**दिलु थापा मगर**

अहम् किन ? सधैं धार उस्तै रहन्न
खिया लाग्छ तरबार उस्तै रहन्न

झऱ्यो एउटा फूल आँखै अगाडि
बुझें मैले संसार उस्तै रहन्न

ग्रहण लाग्छ आकाशको चादँनीमा
यो छालाको अनुहार उस्तै रहन्न

छ उस्तै अझै नि बलात्कार चोरी
भलै हाम्रो सरकार उस्तै रहन्न

समयमै बचत गर्नुहोला महोदय
यो नाफाको व्यापार उस्तै रहन्न

भरोसा हो माया भरोसा गुमाए
हृदयमा सधैं प्यार उस्तै रहन्न

बरु मन नियाल्नूस् सकेसम्म उनको
क्षणिकको त्यो शृङ्गार उस्तै रहन्न

चिसो होस् न गोजी कुनै पल हजुरको
कयौं वर्षको यार उस्तै रहन्न ।
सूत्र १२२.१२२.१२२.१२२

गैडाकोट ४, नवलपुर ।

❋❋





**दीप मिलन**

पीडासहित सफर कसको हुँदैन र ?
बग्ने नदीको तट आफ्नो हुँदैन र ?

बेहद घृणा मिल्यो यसमै खुसी मिल्यो
अब बाँच्न जिन्दगी सजिलो हुँदैन र ?

मात्रै जले छ मन तन यादमा जलोस्
के तन जलाउने आगो हुँदैन र ?

नौनी बनेर बस् मात्रै भन्यौ सधैं
बेला बखतमा मन ढुङ्गो हुँदैन र ?

पागल छु प्रेममा नाटक भन्यौ पुग्यो
नाटकमा चाहना ज्यूँदो हुँदैन र ?
सूत्र २२१२.१२.२२१२.१२

हाल : दोहा कतार ।

❋❋

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**
सबै भिडियो यता छन् ।
1. https://www.youtube.com/Shabdartha Music SM/
2. https://www.youtube.com/Shabdartha Prakashan\

## दुर्गा क्षेत्री

झार्दै छु आँसु धारा घटघट पिएर जाऊ
यौवन लुट्यौ तिमीले पीडा दिएर जाऊ

तड्पन्छु सम्झनाले देख्दा बेलाबेलामा
छोड्दै नछोड्नू तिम्रो फोटो लिएर जाऊ

तिम्रो र मेरो बीचको सम्बन्ध टाढिँदै छ
खोजेर जिन्दगीको वर बाँधिएर जाऊ

बस्दा यही नगरमा जुध्ला नजर दुवैको
बस्ती छोडेर निक्कै पर टाढिएर जाऊ

भुल्ने प्रयास गर्दा भुल्नै सकिन्न सानू
अन्तिम पटक मेरो तनमा टाँसिएर जाऊ

जोड्यौ तिमीले नाता मेरो भयो बिचल्ली
पायौ छिया कलेजो आऊ सिएर जाऊ ।
सूत्र २२१-२१२२/२२१-२१२२

नवलपरासी ।

**





## दुर्गा थापा मगर

आभा छरेर पक्कै पनि आउला उज्यालो
आशा गरौं न हामी ढल्ने छ रात कालो

आएन देशमा सुख सन्तोषको कुनै दिन
बढ्दै गयो झनै भ्रष्टाचारको तुवाँलो

सोझाहरू धकेलिन्छौं हर बखत पछाडि
तान्छन् अगाडि अर्कै हाम्रो मिचेर पालो

साह्रै भयो उठौं जागौं हुन्न बस्न यसरी
यो देशको बढार्दै सब फाल्नुपर्छ जालो

के भन्नु खै ! गरीबको पसिना लुटेर खान्छन्
बुझ्दैन मन कहिल्यै बल्झिन्छ घाउ आलो ।
सूत्र २२१.२१२२.२२१.२१२२

बुटवल ११ ।

**

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**

## देवी पन्थी

मेरो मुख मेरै श्रीमतीले सिलाइन्
छ संसार कस्तो उनैले चिनाइन्

उनी अब नियममा नबस्ने भएपछि
प्रथमचोटि माला विदेशी झिकाइन्

बीचैमा मलाई कुबाटो लगाई
मेरी उनले कस्तो सुबाटो हिँडाइन्

उनी रेफ्री भाको बेला खेलें मैले
अनौठो भयो जारलाई जिताइन्

थियो प्यास मनमा अचाक्ली बढेको
छली दृष्टि मेरो जहर पो पिलाइन् ।
सूत्र : १२२.१२२.१२२.१२२

विराटनगर ।

✱✱

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।





## धर्मिला कार्की

चोखो पवित्र गङ्गाको जल हुँ म
ईर्ष्या कपट विनाको निश्छल हुँ म

विश्वास छैन अब तिम्रो प्रेममा
टुट्यो सबै भरोसा घायल हुँ म

दिल टुट्छ खस्छ जब थोपा शीतको
सम्झन्छु चन्द्रमाको शीतल हुँ म

सोझो भनेर ठान्यो दुर्बल सधैं
सोचेन छात्रमध्ये अब्बल हुँ म

साथी घमण्ड त्यागी सम्झ्यौ भने
तिम्रो सबै समस्याको हल हुँ म ।
सूत्र : २२१२.१२२.२२१२

महाराजगञ्ज-३, काठमाडौं ।

✱✱

**तपाईंले हामीलाई भेट्न खोज्नुभएको हो ?**
रचना, विज्ञापन वा पुस्तक-पत्रिकाको लागि
**शब्दार्थ प्रकाशनको कार्यालय-चाबेल, गणेशस्थान**
**०१-४४९७३५१/९८४१-४९६१०३**
**mail:** nepal. vk@hotmail.com / nepal120@yahoo.com / shabdarthaprakashan@gmail. com
**web:** shabdarthaprakashan.com / nepalipublsher.com

## ध्रुवप्रसाद गजुरेल

बनायो नि जसले सिरानी मलाई
उसैले जलायो डढेलो लगाई

मलामी कसैले नझार्नु नि आँसु
म जाँदैछु टाढा असाध्यै रमाई

सबैको म साथी भएरै रहन्छु
भलो होस् सबैको मनैमा जगाई

तिमीले भनेरै लगाए छु माया
नजानी तिमीले गरायौ पराई

सधैं धरहराको जपेको छु नाम
उठेको छु आजै म छाती ठडाई
सूत्र १२२.१२२.१२२.१२२

तारकेश्वर नगरपालिका-३ काठमाडौं ।

✱✱

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/





## नरेन्द्रराज पौडेल

थिएँ शून्यमा यो धरामाझ ल्यायौ
भुली दर्द सारा तिमी मुस्कुरायौ

थिए ओठ सुख्खा कलेटी परेका
भएँ तृप्त छाती निचोरी चुसायौ

यता जिन्दगीको थियो घाम चर्को
बनी वृक्ष आफैं छहारी दिलायौ

म बामे सरेको थिएँ सुस्त सुस्त
तिमी युद्ध ठूलै जिते झैं रमायौ

चढी भावडुङ्गा खियाएर आमा
नयाँ सिर्जनाको तराना सुनायौ ।
सूत्र : १२२.१२२.१२२.१२२

नयाँ बानेश्वर ।

✱✱

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**

**नारायण खनाल**

जिन्दगी हो पढाइ झैं लाग्यो
सत् असतको छनाई झैं लाग्यो

प्रेम कसरी म पाउँला तिम्रो
बात सुन्दै फटाई झैं लाग्यो

चाल उस्तै छ सर्प नै हो कि
स्वार्थ मात्रै छराई झैं लाग्यो

प्यार गर्छ्यौं सधैं सधैं प्यारी
साथ तिम्रो दबाई झैं लाग्यो

तड्पिएँ झन् म स्वार्थले गर्दा
याद आफ्नै पराइ झैं लाग्यो ।
सूत्र : २१२.२१२.२२.१२२२

अर्घाखाँची ।

**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।





**नारायण गैरे**

मनैभित्र बत्ती नबाली हुँदैन
जमेको छ मैलो नफाली हुँदैन

सबै फूल हाँसुन् शरद् स्वच्छ भेटी
कदम स्वच्छ नौलो नचाली हुँदैन

भयो उग्र शोषण मुना सुक्न थाले
बुढा वृक्ष छिट्टै नढाली हँदैन

लिई हिंड्छ साथी मनै च्यातिएको
सुधा प्रेमले त्यो नटाली हुँदैन

परेको छ विश्वासको नै खडेरी
सुमनमा भरोसा नहाली हुँदैन
सूत्र १२२.१२२.१२२.१२२

**

**शब्दार्थ प्रकाशनको वेबसाइटमा**
**वैजयन्तीका सबै अङ्क,**
**हाम्रा सबै गतिविधि,**
**शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन् !**
web : www. shabdarthaprakashan. com/
www. nepalipublisher. com

वैजयन्ती ७३ गजल अङ्क ४

**नारायण नेपाल**

शृङ्गार होस् पटार होस्
फूलैल त्यो मुहार होस्

छाता नहोस् न होस् घडी
माया भने अपार होस्

लेखापढी चले सही
लेनदेन त्यो सकार होस्

बच्चाहरू बढुन् पढुन्
सम्पूर्णमा पियार होस् !

काट्छन् कुरा यसो–त्यसो
बेला छँदै विचार होस् !

नेता नि हुन् भला सधैँ
यो देशको सुधार होस् !
सूत्र : २२१२.१२१२

✱✱

**पुष्कर अथक रेग्मी**

गर्नेले गाली खायो
बोल्नेले ताली पायो

यै नै हो मौका साथी
आफ्नैले बाली लायो

लुट्ने हो भुट्ने भन्दै
भण्डारै चाली धायो

सोचेको उल्टो पारी
विश्वासै ढाली आयो

मेचीसँगै कालीको
गावैँमा जाली छायो ।
सूत्र : २२.२२.२२.२

पाल्पा ।

✱✱

के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?



**निमा डि.सी**

छल्किन्छ आँसु आँखामा व्यर्थ छाल जस्तो
खोज्दै छु आँसु पुछ्ने सानो रुमाल जस्तो

धेरै भएछ हाम्रो बाटो अलग भएको
लाग्दै छ आज भेटेको सत्य हाल जस्तो

सम्बन्ध एउटै डोरीले कसेर राखेँ
जल्दै छ आज झन् आगोमा पराल जस्तो

चढ्दै छ आज पैसाको भोक झन् सबैमा
भेटिन्छ हेर सोझो मान्छे दलाल जस्तो

पीडा थुनेर राखेँ भित्रै लुक्यो लुकाएँ
देखाउँदै छु मैले जीवन बबाल जस्तो ।
सूत्र २२१.२१२२.२२१.२१२२

कोहलपुर बाँके ।

✱✱

के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?
web : http://nepalipublisher. com/

**पुरुषोत्तम सिग्देल**

परेली उठायौ न बोली न बोली
कलेजी जलायौ न बोली न बोली

पिएमा सुराले नशा दिन्छ भन्थे
न प्यूँदै मतायौ न बोली न बोली

प्रतीक्षा घडीको बढेथ्यो तुवाँलो
शरद्चन्द्र छायौ न बोली न बोली

तिखा नैनका तीर चल्दा हियामा
हुरुक्कै बनायौ न बोली न बोली

खुले ओंठ लाली चढेका मुसुक्क
मीठो कुत्कुत्यायौ न बोली न बोली

विनातार के चल्छ विद्युत् म भन्थें
तरङ्गै चलायौ न बोली न बोली

'ठुले' लर्तरो हैन ठान्थें म आफैं
गलक्कै गलायौ न बोली न बोली।
सूत्र : १२२.१२२.१२२.१२२

धुम्बाराही, काठमाडौं।

**





**पुष्प अधिकारी 'अञ्जलि'**

जित्नलाई पछार्ने सधैं हुन्छ क्वै
सुध्री अर्को बिगार्ने सधैं हुन्छ क्वै

आँसुभित्रै व्यथा देख्दिनन् निष्ठुरी
ठिक्क चाहिँ त पार्ने सधैं हुन्छ क्वै

टेक्न चाहे जहाँ हुन्छ काँडा त्यहीँ
जालमा भित्र सार्ने सधैं हुन्छ यो क्वै

भन्नलाई पहाडी मधेसी भन्यौ
एक अर्को छ मार्ने सधैं हुन्छ क्वै

'पुष्प' झर्दा रुने छैन कोही यहाँ
आँसु चैं व्यर्थ झार्ने सधैं हुन्छ क्वै।
रूक्नसङ्केत : २१२.२१२.२१२.२१२

भरतपुर चितवन।

**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ।

**पौडेल विमुन्स**

सबै दुःख हर्ने कडा गीत गायो
म नै सत्य हूँ भन्न नारा लगायो

नकारा गरेका सिधा सन्तलाई
सकार्ने कुरामा उठायो बसायो

ममा आँट धेरै छँदै छैन प्यारा
भनेकै थिएँ झन् जगल्टा समायो

उसैका इसारा नमान्ने कहाँ छन् ?
जहाँ छन् निमोठेर गर्दन घुमायो

नजाऊ समस्या हुँदै हुन्न अन्त्य
भनेका वचन दोषले प्रेम खायो ।
सूत्र : १२२.१२२.१२२.१२२

पोखरा १३, कास्की ।

**

**तपाईंले हामीलाई भेट्न खोज्नुभएको हो ?**
रचना, विज्ञापन वा पुस्तक-पत्रिकाको लागि
**शब्दार्थ प्रकाशनको कार्यालय-चाबेल, गणेशस्थान**
**०१-४४९७३५१/९८४१-४९६१०३**
**mail:** nepal. vk@hotmail.com / nepal120@yahoo.com / shabdarthaprakashan@gmail. com
**web:** shabdarthaprakashan.com / nepalipublsher.com





**प्रकाश पाण्डे**

उकालो मार्गमा यात्रा गरायो जिन्दगानीले
खसाल्यो रातको पर्दा उज्यालोमा बिहानीले

हुने अन्योल गोरेटो कता जाने कता जाने
मलाई पाहुना जस्तो बनायो राजधानीले

सँगै मर्ने सँगै बाँच्ने हजारौं कल्पना छोडी
विदेशी लाहुरे टाढा बनायो राहदानीले

तिमी टाढा भयौ प्यारी हरायो रातको निद्रा
बिझायो टाउको मेरो भुवा जस्तो सिरानीले

हजारौ वेदना बोकी तिमीलाई खुसी सुम्पे
हरायो चेतना मेरो भएँ अन्धो जवानीले

धनीमानी घमण्डीले टुटायो मित्रको नाता
हुँदा भोकै उही साथी दियो खाना किसानीले

सधैं प्यारो सधैं न्यानो मलाई सम्झना तिम्रो
नजाने याद आँखाको बगायो आज पानीले

कता नाफा कता घाटा कहाँ पैसा चिनेको छ ?
उज्यालो पाठशालामा पढेको हुन्छ ज्ञानीले ।
सूत्र : १२२२.१२२२.१२२२.१२२२

क्यालिफोर्निया ।

**

**प्रताप अधिकारी**

अग्ला महल हेऱ्यो कि आकाश छानो लाग्छ
कोही भए नजिकमा कोही बिरानो लाग्छ

कति आउछस् यसै गरी ए याद जिन्दगीमा
आइस् भने त कसरी आँखा ओभानो हुन्छ ?

चारै दिशा घुमेर सारा जगत् नियाल्दा
हो आजभोलि आफ्नै आँगन नि सानो लाग्छ

सायद त्यही भएर दिन्छौ नि चोट दिलमा
के तिम्रो निम्ति मेरो यो दिल अचानो लाग्छ

प्राकृतिसँग खेल्दै आनन्दले रमाई
बस्नेहरूको बल्ल संसार आफ्नो लाग्छ ।
सूत्र : २२१.२१२२.२२१.२१२२

**

**गीत, गजल,**
**म्युजिक भिडियो,**
**विवाह, कार्यक्रम आदिको लागि**
हामीलाई सम्भनुहोस्
Four Cube Entertainment
9860660925/9841466812





**डा. प्रदिप मैनाली 'स्वनाहम्'**

के सिकाए पाखुराले ? के सिकाए पाइलाले ?
भोग्नुपार्ने रैछ आफै ढल्छ जीवन भन्न थाले

तास, जूवा खेल्न थाल्यौं, खाल घुम्दै दाउ लाग्यो
सिद्धियो बस् खेल हाम्रो मुस्कुरायो मात्र खाले

बालुवामा फूल देख्दा खाडी जाने हातलाई
माटो तिम्रो झन् के होला ? सोध्छ होला बालुवाले

सम्झिएछौ सानु मान्छे हो म सानै याद राख्नू
भोलिको अस्तित्व आजै बोकेको छ आँकुराले

गर्छु भन्थिन् प्रेम वर्षा बल्ल थाइ्र भो हो रहेछ
थामिएनन् अश्रुधारा निष्ठुरीको सम्झनाले ।
सूत्र : २१२२.२१२२.२१२२.२१२२

**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

**प्रियंवदा काफ्ले**

चुहेको चुह्यै यो जवानी सकिन्छ
अहो ! एक पल झैं बिहानी सकिन्छ

उदायो उज्यालो चुम्यो टाकुरामा
उही थोत्रिने यो कहानी सकिन्छ

कतै भित्र घोच्ने बिझेको छ काँढा
झिकी सुम्सुम्याऊ रिसानी सकिन्छ

नपुग्दानपुग्दै नियालेर हेर्न
त्यसै प्रेमको जिन्दगानी सकिन्छ

छ सपना नयनमा मिठो बैश जस्तै
समाल्नै नजानी नजानी सकिन्छ ।
सूत्र : १२२.१२२.१२२.१२२

टोखा ११ ओमप्लाजा, काठमाडौं ।

✱✱

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/



वैजयन्ती ७३ गजल अङ्क ४

**बालकुमारी घिमिरे**

इशारा गरी के बतायौ मलाई ?
नबोली कलेजी दिलायौ मलाई

दियौ एक थुँगा नियालें मजाले
बनाएर गुच्छा चढायौ मलाई

सदिच्छा थियो पाउने मात्र यौटा
झुकाई परेली लुकायौ मलाई

रहेछौ नि साह्रै अनौठो पियारा
बसी मौन आफू खुलायौ मलाई

बनेको छ साझा दुवैको कहानी
नठानी पराई सजायौ मलाई ।
सूत्र : १२२.१२२.१२२.१२२

इलाम, हाल अमेरिका ।

✱✱

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**
सबै भिडियो यता छन् ।
1. https://www.youtube.com/Shabdartha Music SM/
2. https://www.youtube.com/Shabdartha Prakashan\

**बालकृष्ण लामिछाने**

भेट्न पाएँ भावनामा घुल्न सक्ने मान्छे
फूल्न खोज्दा फूलजस्तै फुल्न सक्ने मान्छे

भोलि राम्रो हुन्छ भन्ने आश बोकेकै छ
आजका यी दुःख पीडा भुल्न सक्ने मान्छे

जीर्ण आत्मा ध्वस्त बस्ती फेरिएको हेर्न
सिर्जनाको गीत बोकी डुल्न सक्ने मान्छे

साथ बस्दा जिन्दगानी बुझ्न गारो छैन
पूर्णिमाको जूनजस्तै खुल्न सक्ने मान्छे ।
सूत्र : २१२२.२१२२.२१२२.२२

इलाम ।

**

शब्दार्थ प्रकाशनको वेबसाइटमा
वैजयन्तीका सबै अङ्क,
हाम्रा सबै गतिविधि,
शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर,
फिलिम तपाईंका लागि उपलब्धिपूर्ण
हुन सक्छन् !
web : www. shabdarthaprakashan. com/
www. nepalipublisher. com





**बूँद राना**

छ बाँकी हौसला जिलो अझै उम्मीद बाँकी छ
उनी सोध्छन् 'बता तेरो यहाँ कुन् चीज बाँकी छ ?

दिए 'उपहार हो !' भन्दै दिएको घाउ आलै छ
अझै थप्ने अरे ! भन्छन्' ठुलै बक्सीस बाँकी छ'

मेरा आफन्त हुन् मुस्किल मलाई मात के दिन्थे
लगाई ज्यानकै बाजी सिकेको सीप बाँकी छ

कुनै बेसीतिर ओर्ले र कोही लेकमा उक्ले
मिलेरै गाउनै पर्ने बक्यौता गीत बाँकी छ

सुकाएथें नदी नाला परन्तु बूँद छ उस्तै
गुनासो हो खडेरीको 'महाको ढीट बाँकी छ ।
सूत्र : १२२२.१२२२.१२२२.१२२२

भैरहवा ।

**

के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?

**भगवती दवाडी**

पौरखी कर्म जन गाउँमा हुन्छन्
हेर्नु दुःखी थकित ऊ कता हुन्छन्

हेर्छु चाला इमानी सिधा मान्छे
भित्र धेरै विरोधी कुरा हुन्छन्

प्रीति गाँस्दा उनी सभ्य देखिन्थे
जिन्दगीमा अनेकौं व्यथा हुन्छन्

प्वाल छिर्ने घरै भेटिएका थे
शीत खाने सधैं घरविना हुन्छन्

काम गर्नै नसक्ने यहाँ छोरा
खेतमा किन्तु रोगी पिता हुन्छन्।
सूत्र : २१२.२१२.२१२.२२

दमक नपा, झापा।

**

के तपाईंले युट्युब र फेसबुकबाट हाम्रो
खबरी नेपाल
Khabari Nepal का
कार्यक्रमहरू हेर्नुभएको छ ?





**भुवन निस्तेज**

पुरानो भैसक्यो चाहे चलन चिट्ठीहरूको
अझै लाग्दैछ प्यारो आगमन चिट्ठीहरूको

बिहानी मगमगाऊ साँझले धुन गुनगुनाऊ
पुरानो याद ली आयो पवन चिट्ठीहरूको

कतै घायल नहोउन प्रेमका सन्देश प्रेमिल
सम्हाली गर्नुहोला उत्खनन चिट्ठीहरूको

हुरीमा, आगलागीमा, झनै बर्खे झरीमा
अनवरत कसले पो गर्ला जतन चिट्ठीहरूको

कुनै पीडा थियो कि शब्दको पर्खालपारि
पढें चिट्ठीहरू पढ्नू छ मन चिट्ठीहरूको

अझै उस्तै छ न्यानो आँसुका थोपाहरूमा
अझै उस्तै छ आफ्नोपन भुवन चिट्ठीहरूको।
सूत्र : १२२२.१२२२.१२२२.१२२

शाहीलेक, बैतडी।

**

**भूपि सरोवर**

मुटु बिराम त्यो जचाएर आयौ
अलिक आँटिलो बनाएर आयौ

सब सुने ती अनेकौं गुनेरै
रहर ती सबै सजाएर आयौ

सफरका सयौं सबै आँट आँट्दै
महक मोहमा लजाएर आयौ

अलिकता गरी सरी याँ रमाई
छमछमी चुरा बजाएर आयौ

जगत्का सबै खुसी योग सार्दै
बहरको तुना नचाएर आयौ ।
सूत्र : २१२.१२.१२२.१२२

सिगास-३ बैतडी ।

**

**तपाईंले हामीलाई भेट्न खोज्नुभएको हो ?**
रचना, विज्ञापन वा पुस्तक-पत्रिकाको लागि
**शब्दार्थ प्रकाशनको कार्यालय-चाबेल, गणेशस्थान**
**०१-४४९७३५१/९८४१-४९६१०३**
**mail:** nepal. vk@hotmail.com / nepal120@yahoo.com / shabdarthaprakashan@gmail. com
**web:** shabdarthaprakashan.com / nepalipublsher.com





**भूमिराज तिमिल्सिना 'पुनर्जन्म'**

छुरा लिएर हातमा पछाडि धस्न जानु भो
बनी विषालु सर्पझैं लुकेर डस्न जानु भो

दहन गरेर जीवितै मनुष्य देह किन यहाँ
कुकर्ममा बसेर जेल भित्र पस्न जानु भो

फगत कुरा सुनेर नै कठोर अति भएर झन्
गरेर जालझेल धेर प्रीत कस्न जानु भो

भनेर अब हुने छ के सबै खतम भयो त्यहाँ
विचार भै महान् नेत्रबाट खस्न जानु भो

अचम्म भो खुसी भुलेर सब यताउता किन
सबै बुझेर दुःख पनि विदेश फस्न जानु भो ।
सूत्र : १२१२.१२१२.१२१२.१२१२

कालिकोट ।

**

**गीत, गजल,**
**म्युजिक भिडियो,**
**विवाह, कार्यक्रम आदिको लागि**
हामीलाई सम्झनुहोस्
Four Cube Entertainment
9860660925/9841466812

**भोजराज घिमिरे**

पाए सबै थोक मीठा लाग्छन्
अङ्गुर नभेटेका अमिला लाग्छन्

सँगै जिए आँसु मीठा लाग्छन्
ज्यूँदै मरे प्रीत काँढा लाग्छन्

'वैराग्य' दिलका अलग छन् बेथा
कोमल हृदय-फूल काँडा लाग्छन्

नदिऊन्, दिऊन्, अर्थ छैनन् त्यसमा
'थैली' खुलेपछि त आशा लाग्छन्

छिन् मै खुसी, दुःखी हुन्छन् छिनमा
बूढो हुँदा मान्छे 'बच्चा' लाग्छन्

बन्दै छ सरकार जन-जनको प्रिय
अब मृत्युमै फेरि 'बट्टा' लाग्छन्

'भान्से' जहाँ दिल नजित्ने हुन्छ
हर गाँसमा घुन र ढुङ्गा लाग्छन् !
सूत्र : २२१२ २१२२ २२

**





**मञ्जु श्रेष्ठ**

थिएँ स्वच्छ पानी चलायौ तिमीले
जुधाएर आँखा जगायौ तिमीले

म थाकेर आफ्नै बसें जिन्दगीमा
दिई हात प्यारा उठायौ तिमीले

म अन्जान यात्री हिँडेथें अताली
सुझाएर बाटो डुलायौ तिमीले

म सोच्थें कुनै रूप हेरुँ रमाई
बनाएर ऐना सजायौ तिमीले

तिमी देउता हौ पुजारी भएँ म
मनैभित्र आस्था बसायौ तिमीले ।
सूत्र : १२२.१२२.१२२.१२२

**

के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?
web : http://nepalipublisher. com/

**महादेव अधिकारी**

मान्छे लडेन भन्ने हो भीरको गुनासो
चिन्ता हटे छ पूरै यो पीरको गुनासो

संसार नै डुबाऊँ यस्तै रहेछ इच्छा
कैले भिजेन आँखा यै नीरको गुनासो

पिस्तोल लड्न थाले ग्रिनेड नाच्न थाले
थन्काइमा छु भन्ने छन् तीरको गुनासो

संसार मांस भक्षी बन्दै गएर ऐले
बन्दैछु पिण्ड मात्रै दूध खीरको गुनासो

पैले त बेरिइन्थे नारी शरीर ढाक्दै
नाङ्गै हिंडेर लाजै भो चीरको गुनासो

ओच्छ्यानको लडाइँ हेर्दै हरेक राती
झुन्डेर बस्नुपर्ने तस्वीरको गुनासो ।
सूत्र : २२१.२१२२.२२१.२१२२

**





**महेन्द्रप्रसाद चापागाई**

खुल्ने छ जून सायद बादल हटेको बेला
के हाल बुझ्न आयौ पीडा भएको बेला

कोही त जिन्दगीमा छाया बनी बसेथ्यो
गाह्रो हुने छ सायद एक्लै हिंडेको बेला

थप दर्द देऊ तिमीले आँसु खसाल्न मन छ
भुङ्ग्रोको माछो जस्तै जल्दै गरेको बेला

मुर्दा थियो अचानक फर्केर प्राण आयो
फर्केर फेरि हेऱ्यौ डोली चढेको बेला

दिलभित्र बस्न आयौ भाला रोपर छोड्यौ
हरपल म सम्झिने छु घाउ दुखेको बेला ।
सूत्र २२१.२१२२.२२१.२१२२

माडी, चितवन ।

**

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/

**मिलनकुमार ढुङ्गाना**

पानी रहेछ प्यारो हावा रहेछ प्यारो
मोती ठुलो म भन्थें माया रहेछ प्यारो

हेर्दा उता नियाली चल्दै छ रीत नौलो
रोऊन् न देशबासी सत्ता रहेछ प्यारो

अर्ती हुँदैन मीठो हेर्छन् तरेर आँखा
आमा गरेर बिक्री मुद्रा रहेछ प्यारो

आँखा छलेर जैल्यै गाइन्छ राष्ट्रगाथा
मिल्ने सधैं छहारी आस्था रहेछ प्यारो

लेख्दै छु घामछाया आधा भयो कहानी
शैली जतै बहन्छन् भाषा रहेछ प्यारो।
सूत्र : २२१.२१२२.२२१.२१२२

झापा।

**

**के तपाईंलाई थाहा छ ?**
**हामी २०७६ र २०७७ को वर्ष पुस्तकमा जुटिसकेका छौं ।**
**प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दछौं । त्यसको लागि हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।**
**साहित्य संवर्द्धन केन्द्र**
चाबेल, काठमाडौं **९७७-०१-४४९७३५१/९८४११४४५१०**





**मीरा ज्ञवाली**

सम्झी रुँदै छु प्यारी गर्दै पुकार तिम्रो
देखें पवित्र चोखो आत्मा उदार तिम्रो

लठ्ठै म पर्छु तिम्रा हेर्दै नशालु आँखा
भाषा छ मोहनीको छुट्टै प्रकार तिम्रो

आशा लिएँ विवेकी उस्तै परोपकारी
देख्दै विचित्र आनीबानी विचार तिम्रो

खोज्दै छु दिल उघारी ढोका खुला छ भित्री
खाली छ हेर्छु काहाँ होला सवार तिम्रो

एकै छ जात भन्छन् गर्दैन भेद माया
मनमा छ धड्किएको धड्कन अपार तिम्रो
सूत्र : २२१.२१२२.२२१.२१२२

लुम्बिनी प्रदेश, बुटवल, रूपन्देही।

**

**http://www.nepalipublisher.com**
**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**

**मेघनाथ 'बन्धु'**

भोका करोड हामी थाली देऊ न आमा
सन्तान आफ्नो ठानी पाली देऊ न आमा

सीमा असाध्य सर्छन् घट्दैछ क्षेत्र हाम्रो
मेची अनन्त जोड्ने काली देऊ न आमा

युवा विदेश पस्छन् विकास गर्छ कसले
निस्वार्थी मातृप्रेमी माली देऊ न आमा

चुस्छन् कठोर बन्दै धोका दिएर नित्य
समृद्ध देश पार्दै बाली देऊ न आमा

हिंसा बढेर आयो रक्षा हुँदैन आज
मार्दैछ 'बन्धु' कोही गाली देऊ न आमा।
सूत्र २२१.२१२२.२२१.२१२२

जितपुर इलाम, हाल : धनगढी।

**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ।





**मोहन गौतम**

म त व्यर्थ यता थुनिएर बसें
कति मान्नु र पीर पिएर बसें

तन दुख्छ उता मन पोल्छ यता
सहनै नभई थलिएर बसें

उपचार गरें दुखको क्षणमा
मनमा उसको चुनिएर बसें

मनले गुरुको जप गर्छु सदा
तपमा जपमा सुरिएर बसें

परको लयमा रस छैन बुझौं
म त मस्त यतै सजिएर बसें।
सूत्र : ११२.११२.११२.११२

**

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/

**यज्ञलाल सुवेदी**

उषा निशा जसै चलोस् विनाथकान जिन्दगी
अखण्ड छापको कुनै बनोस् निसान जिन्दगी

म गर्छु यो म गर्छु त्यो भनी भनी चढ्यो सिँढी
सकेन गर्न आखिरी भयो उखान जिन्दगी

घमण्ड गर्नु व्यर्थ हो मरेर फर्कियो र को
अवश्य अन्त्यमा उही चिता चिहान जिन्दगी

उचाइमा पुगेर चाहना बिजोगमा परे
विना लगामका यहाँ बने उडान जिन्दगी

सकिन्छ चाहना भए सुखद भविष्य सिर्जन
छरौं बिजन सुगन्धको बनोस् बगान जिन्दगी ।
सूत्र : १२१२.१२१२.१२१२.१२१२

बुटवल रूपन्देही ।

**

के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?
web : http://nepalipublisher. com/





**युसुफदिन मियाँ 'पाल्पाली'**

न आ दर्द भन्दै यहाँ छेक्न लागें
गयो यार पैरो जहाँ टेक्न लागें

भयो दर्द पीडा दवाई न लाग्ने
कता पीर पर्दा कता सेक्न लागे

यहाँ रोग बेथा धनीले किनेनन्
भिखारीहरूमा ब्यथा बेच्न लागें

दशालाई मैले चिनेकै थिएन
नसक्ने भएथें सबै भेट्न लागें

इरादा र इच्छा कुनै कम भएनन्
'मियाँ' प्रेम भन्दै गला रेट्न लागें ।
सूत्र : १२२.१२२.१२२.१२२

भरतपुर-१, चितवन ।

**

के तपाईंले युट्युब र फेसबुकबाट हाम्रो
खबरी नेपाल
Khabari Nepal का
कार्यक्रमहरू हेर्नुभएको छ ?

**राजेन्द्र 'घायल'**

तान्दैछ खुट्टा अघि बढ्न खोज्दा
ऊ भाग्छ मेरो अघि लड्न खोज्दा

कोही घमण्डी हुनुहुन्न हेर
चिप्लन्छ पक्कै शिर चढ्न खोज्दा

आएर कोही जल झैं म छेउ
छम्क्यो मलाई दिल डढ्न खोज्दा

बुझ्दै गयो झन् कठिनाइ बढ्ने
यो जिन्दगी दर्पण पढ्न खोज्दा

उब्काउने हर्कत गर्छ मान्छे
साँचो इमानी भई अड्न खोज्दा।
सूत्र : २२१.२२.११२.१२२

रत्ननगर चितवन।

**

**तपाईंले हामीलाई भेट्न खोज्नुभएको हो ?**
रचना, विज्ञापन वा पुस्तक-पत्रिकाको लागि
**शब्दार्थ प्रकाशनको कार्यालय-चाबेल, गणेशस्थान**
**०१-४४९७३५१/९८४१-४९६१०३**
**mail:** nepal. vk@hotmail.com / nepal120@yahoo.com / shabdarthaprakashan@gmail. com
**web:** shabdarthaprakashan.com / nepalipublsher.com





**रामराजा तिमिल्सिना**

म बेली फुलें भन्छ आहा पियारा
गलामा लगा भन्छ माला पियारा

तिमी फूल माली हुँदा हुन्छ राम्रो
सुनौला बनून् प्रीतशाला पियारा

जुनेली निशा माझ हुन्छिन् उजेली
दियालो बनूँ या म पाला पियारा

म तिम्रो खुसी जिन्दगीमा सजाऊँ
सुनौलो नयाँ दिव्य आभा पियारा

नयन तानिए प्रस्ट देख्यौ तिमीले
परेली यता भन्छ आ आ पियारा।
सूत्र : १२२.१२२.१२२.१२२

नुवाकोट।

**

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/

**राम्जि रानाभाट**

सकिन्छ आफै मरेर माया हिलो नछ्याप नरेट आत्मा
सबै समान हुन् गरेर माया हिलो नछ्याप नरेट आत्मा

गरेर हामी तँछाडमछाड नासिएर जान्छ सबै सकिन्छ
गरेर इज्जत भरेर माया हिलो नछ्याप नरेट आत्मा

विचारले अन्धकारको मार्ग कोर्छ विचार सुनौं सबै नै
बनेर ज्योति छरेर माया हिलो नछ्याप नरेट आत्मा

घमण्ड गर्दै नहेर संसार म शक्तिशाली छु है भनेर
टुटेर जान्छ झरेर माया हिलो नछ्याप नरेट आत्मा

गरेर हेला दिएर धोका मनुष्य चोला गनाउने छ
सुवास छर्छ सरेर माया हिलो नछ्याप नरेट आत्मा।
सूत्र : १२१२२.१२१२२.१२१२२.१२१२२

**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ।



वैजयन्ती ७३ गजल अङ्क ४

**लकाश पौडेल**

हावा कतै सुस्त लुकेर भाग्यो
कानमा तिखो धून फुकेर भाग्यो

मीठो छ माया प्रियको मलाई
चुम्मा अविश्रान्त दिएर भाग्यो

जिस्किन्छ जैले पनि काम गर्दा
थाहै नपाई कन सुत्त भाग्यो

प्यारो छ बोली अनि स्नेह-छाया
बिर्सिन्छु भन्दै नभनेर भाग्यो

कैल्हे छलेरै पछिबाट आई
झस्का दिई सुट्ट लिएर भाग्यो

एकान्त पारीकन दृष्टि राखी
माया समेटी मनचोर भाग्यो।
सूत्र : २२१२.२११२.१२२
भरतपुर-१० चितवन।

**

**हुसैन खाँ**

हुरीले उडाएछ खर सुस्त सुस्त
र नाङ्गै भएको छ घर सुस्त-सुस्त

यहाँ सर्पभन्दा बिषैला छ मान्छे
कि चढ्ने छ यसको जहर सुस्त-सुस्त

अझौं तर्किने छु भनी भन्दाभन्दै
जुझाए छ उसले नजर सुस्त-सुस्त

कसैको दयामा अझौं बाँच्नु भन्दा
स्वयम् माथि पर्नु छ भर सुस्त-सुस्त

कहीं शान्ति मिल्दैन फर्कौं 'हुसैन'
हिडौं गाउँकै त्यो डहर सुस्त-सुस्त
भरतपुर, चितवन।

**

**लक्ष्मी उपाध्याय**

म हिँड्दै छु आफ्नै कहानी बेचेर
थियो बन्न सोखी निसानी बेचेर

दिए छौ बुझेरै तिमीले चुनौती
हराए सबै थोक लगानी बेचेर

बसौँला नि राती म सक्दो कुरेरै
निदाउन्न साच्चै सिरानी बेचेर

सधैं बाँचिदैन उमेरै छ छोटो
म गर्दिन सेवा जवानी बेचेर

भरोसा टुटेसी ऊ केही कुरामा
हिँडेको छ है फूलदानी बेचेर ।
सूत्र : १२२.१२२.१२२.१२२

त्रिपुरासुन्दरी-२ धादिङ ।

**

के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?

के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?





**लीलाराज दाहाल**

म हुन्थें दिवाना निकै यो शहरमा
हुने थ्यो सद्दाना निकै यो शहरमा

छँदै छैन प्यारो र गाढा चिनारी
बढेका बिराना निकै यो शहरमा

जवानी छ उस्तै बिहानी उषाको
रूपौलो जमाना निकै यो शहरमा

तिमी नै सहारा भयौ यो कथाको
कला छन् पुराना निकै यो शहरमा !
सूत्र : १२२.१२२.१२२.१२२

वागमती ११, कर्मैया, सर्लाही ।

**

**गीत, गजल,**
**म्युजिक भिडियो,**
**विवाह, कार्यक्रम आदिको लागि**
हामीलाई सम्झनुहोस्
Four Cube Entertainment
9860660925/9841466812

**वासु काफ्ले**

रमाएर धाएँ तिमी छेउ पर्न
छकाएर लाग्यौ कतै दाउ भर्न

गरेका थियौ है दह्रै हुन् नि वाचा
भुल्यौ लौ न ऐह्ले तिनै पूर्ण गर्न

भरोसा गरे थैं लिई धेर आशा
ठगिएँ नआऊ न हातै सुमर्न

भई पुत्र ठूला र नेता बनेर
गऱ्यौ के र आमा हिँडिन् स्वर्ग चर्न

यता प्रेम उल्टै छ तड्पिरहेको
र एक्ल्याउँदै खोज्दछौ सेतु तर्न

सधैं प्रेममा नै रहोस् धर्मभाव
अधर्मै सहूँ वा हिँडूँ मास छर्न ।
सूत्र : १२२.१२२.१२२.१२२

✱✱

**के तपाईंले साहित्यिक कृतिहरू पढ्नुभएको छ ?**





**विनयकुमार शर्मा नेपाल**

नचाहेरै चलेको चाल चाहा बन्यो
जलाएरै इरादा आज लाहा बन्यो

रमाउँदै समेट्दा ओठ साधा भन्यौ
उडाएको हुरीले प्यार फाहा बन्यो

कुरा चल्दा नि खास्खुस प्रेम बाधा भन्यौ
किनै पो त्यो अचानक फूल डाहा बन्यो

चरमआनन्द त्यो संसर्ग आधा भन्यौ
नहुर्केको प्युसो सन्तान घाहा बन्यो

बितेको काल उस्तै हुन्न 'प्यारा' भन्यौ
हिजोको प्रेम पाशो आज हा-हा बन्यो ।
सूत्र : १२२२.१२२२.१२२.१२

चाबेल, काठमाडौं ।

✱✱

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

## विन्दा पराजुली बराल

कोही हेर्दा निष्कपट हरामी हुन्छन् कुनै
निकै दुर्लभ भेषमा कतै छन् सज्जन कुनै

दुखीको मन दर्दमा धनीको मन हर्षमा
एकैनासे हुन्न सब कहानी जीवन कुनै

देखें कानुन बेचियो झुटा मुद्दा लेखियो
दिए भेटी न्यायमा हुँदैनन् उल्झन कुनै

कोही स्वार्थी सोचका कोही चिल्ला बातका
हराए सद्भावना भएनन् कञ्चन कुनै

थिए जनता साथमा दिए जनमत सानले
नेताले बुझ भावना नहुन् उत्पीडन कुनै ।
सूत्र : १२२२.२१२.१२२२.२१२

विराटनगर, हाल-जापान ।

**

के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?





## विवश पौडेल

ढल्की गयो जवानी आफ्नै भनेर आयौ
फालेर फूल बाँकी काँडा भरेर आयौ

त्याग्यौ सबै तिमीले आफ्नो व्यथा पुरानो
हिम्मत गरेर आफ्ना आँसु पुछेर आयौ

साथी नचिन्नु तिम्रो गल्ती थियो पुरानो
अर्को भएछ गल्ती वैरी पुजेर आयौ

जाली थियौ तिमी त्यो फुल्दो उमेरमा झन्
गाह्रो छ बुझ्न कस्तो जालो बुनेर आयौ

धोका दियौ तिमीले घाउ लगाई दिलमा
बाधा भयो नि ऐले छाती दुखेर आयौ

खै के भयो र प्यारी फुल्दो जवानी तिम्रो
फक्रेर फुल्नु पर्थ्यो वैली सुकेर आयौ

जे जे थियो हरायो बाँकी छ सम्झना यो
ढीलो गर्‍यौ तिमीले साह्रै अबेर आयौ

वाचा गर्‍यौ तिमीले पूरा भएन प्यारी
ऐले तिमी बिहानै चाँडै उठेर आयौ

माया बुझेर साँचो वास्ता भएन पैले
पीडा दिएर दिलमा ऐले बुझेर आयौ ।
सूत्र : २२१.२१२२.२२१.२१२२

**

**विष्णुदीप सङ्कल्प**

बोकेर भारी म हाँसौं कत्ति
पीडा सधैं नै म साँचौं कत्ति ?

पोख्नै नमिल्दा बचाउन गाह्रो
छोपेर यो बैंस राखौं कत्ति ?

आफ्नाहरू नै लुटेरा बन्दा
भागेर जोगिन म थाकौं कत्ति ?

बेकार राखेर शङ्का मनमा
तातो कसीमा म डामौं कत्ति ?

जाऊ तिमी दूर भै जाऊ के
छोटो छ यो दिल म पालौं कत्ति।
सूत्र : २२१२.२१२२.२२

**

**वेदप्रसाद रिजाल**

बढे वैरी यता साँच्चै हजुरका
कुरा काट्दै थिए आजै हजुरका

बनेका छन् सबै सच्चा पुजारी
भला को छन् सबै दुष्टै हजुरका

ढल्यो जीवन बिते झैं भो जवानी
फुले दाह्री बनी सेतै हजुरका

सबैलाई भलो गर्दै सुखैले
बितेका छन् प्रहर आठै हजुरका

विपद् पर्दा सबै टाढा भएछन्
नजिक बस्ने थिएनन् है हजुरका।
सूत्र : १२२२.१२२२.१२२

**

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/





**विष्णु न्यौपाने**

बाटो कुरेर बस्दा फाल्थ्यौ अनेक जालो
देख्दा थियौ मजाको मनमा रहेछ कालो

तिम्रै रजाइँ ठान्यौ सत्ता भए छ पेवा
आएन हेर कहिल्यै हाम्रो यहाँ त पालो

लाएर फेरि नाता खाएर बस्न थाले
साख्खै भएर आफ्नै मन्त्री बनेछ सालो

पीडा दियौ मलाई भोग्दै छु चोट मात्रै
आफै अगाडि लाग्छौ पाछौं अरू ओरालो

खान्छन् लुटेर मात्रै ठग्नेहरू मिलेर
हामी गरेर खान्छौं बाली नयाँ दियालो।
सूत्र : २२१.२१२२.२२१.२१२२

**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ।

**वीर मुन्तशिर तखल्लुस**

फाइलुन् फाइलुन् फाइलुन् फाइलुन्
सोच्न थाले गजल मनमा बज्दै छ धुन

जन्मिँदैनन् त्यसै बुझ कुनै शिशु यहाँ
भन्नलाई गजल शेर चाहिन्छ खुन

सुस्तरी सुस्तरी चल्न थाल्यो पवन
राधिका राधिका तालमा हेर जून

यार गाली मलाई पनि आउँछ
ओइ साले कुरा खास के हो ल सुन

प्रेमको फूल पहिले जहाँ फुल्दथे
आज लागी सके त्यो हृदयभित्र घुन

हामी जस्तो गरीबलाई के स्वादवाद
छैन घरमा यहाँ तेल बेसार नुन

रूपले प्रेमी झैं भेष बैरागीको
मीर गालिब घनश्याम या वीर हुन्।
सूत्र : २१२.२१२.२१२.२१२

हाल : उत्तर प्रदेश, भारत।

✱✱





**शर्मिला तिमल्सिना**

हटे स्वार्थ बल्ल न्याय फर्किन्छ देशमा
उँचो बन्छ शिर विकास चम्किन्छ देशमा

लडे व्यर्थ युद्ध राष्ट्रमा भाइ भाइ नै
भयो घात आज भ्रष्ट कुर्लिन्छ देशमा

गए खोज्न रोजगार परदेश भूमिमै
युवा फर्किए मुहार फेरिन्छ देशमा

जता हेर्छु अन्धकार सबका बिजोक छन्
बढ्यो रोग अत्ति मान्छे तर्सिन्छ देशमा

बहाना अनेक गर्छ नेता हरेक दिन
मिलाएर भोट नोटमा बिक्छ देशमा।
सूत्र : १२२ १२१२ १२२ १२१२

✱✱

**तपाईंले हामीलाई भेट्न खोज्नुभएको हो ?**
रचना, विज्ञापन वा पुस्तक-पत्रिकाको लागि
**शब्दार्थ प्रकाशनको कार्यालय-चाबेल, गणेशस्थान**
**०१-४४९७३५१/९८४१-४९६१०३**
**mail:** nepal. vk@hotmail.com / nepal120@yahoo.com / shabdarthaprakashan@gmail. com
**web:** shabdarthaprakashan.com / nepalipublsher.com

### शान्ति अधिकारी पोखरेल

बिसौली न थार्ने भयो जिन्दगानी
सधैं गाल पार्ने भयो जिन्दगानी

बनाएर कैदी नथुन्दा जवानी
खुदै बास सार्ने भयो जिन्दगानी

जहाँ जे छ जस्तो त्यसै भित्र बाँच्दा
युगौंबाट हार्ने भयो जिन्दगानी

म भागौं कसोरी उकालो चढाइ
लडाएर मार्ने भयो जिन्दगानी

यता थ्यो समस्या झनै भो उता नि
कता पो पछार्ने भयो जिन्दगानी ।
सूत्र : १२२.१२२.१२२.१२२

कोहलपुर बाँके ।

**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।





### सङ्गम सुधा

अझ स्वाद मैले भर्न लागेको थिएँ
त्यो बाहुलीमा पर्न लागेको थिएँ

आभास हुन्थ्यो प्रेमको अनजानमा
जब प्यार भन्दै मर्न लागेको थिएँ

मेरो भयो यो हात थाम्ने अब निधो
आफै म खोजी गर्न लागेको थिएँ

अनमोल हो भन्यो खुसी साँचो यहाँ
मैले त सित्तै छर्न लागेको थिएँ

छाडी दियौ अन्योलमा पारेर जब
सामीप्य तिम्रो सर्न लागेको थिएँ ।
सूत्र : २२१२.२२१२.२२१२

सुरुक, कालेबुङ, भारत ।

**

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

**सत्यराज जोशी 'पङ्कज'**

स्वार्थी भएछ माया कौरवको चाल जस्तो
हर दाउमा हरायो पासाको खाल जस्तो

षड्यन्त्रको गदरमा हरदम म भासिँदै छु
कस्तो लियौ चरित्र बेलीको जाल जस्तो

व्याधा बनी बोलीको ताकेर तीर हानी
पाक्दै छ घाउ बल्झी लैजाने काल जस्तो

पीडा थरी थरीका झन् झन् दियो हियामा
सल्केर भस्म पार्ने बल्दो पराल जस्तो

ढुङ्गो भई बगरको छोडिन्छु साथबाट
हर मोडमा पछार्ने खोलाको छाल जस्तो ।
सूत्र : २२१.२१२२-२२१.२१२२

बेलौरी न.पा.१० शिवनगर, कञ्चनपुर ।

**

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**





**सीता शर्मा 'शीत'**

म यात्री अनौठो छु घर छैन मेरो
म मान्छे हुँ केवल र थर छैन मेरो

म घुम्दै छु संसारको रङ्गशाला
कि फर्कन्छु या बस्छु भर छैन मेरो

तिमी बास बस्ने पता देऊ भन्छौ
बताउँ के साथी ? ठहर छैन मेरो

यहाँ जात धर्म सबै एक देख्छु
कठै भेद गर्ने नजर छैन मेरो

यो संसार छोडी म बस्ने कहाँ हो ?
कमाएको सुन्दर नगर छैन मेरो ।
सूत्र : १२२.१२२.१२२.१२२

सिक्किम ।

**

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

## सुनिता बराल

आगो बनी आएर देऊ साथ मेरी प्रिया
चाँडै खुसी होऔं समाई हात मेरी प्रिया

हासौं सँगै माया लगाई जिन्दगीमा सधैं
साथीविना के काम भो सौगात मेरी प्रिया

थाहै नपाई प्रेममा डुब्दै गएँ आज नै
गर्दै सधैं राम्रा खुसीका बात मेरी प्रिया

मेरो खुसी बन्दी बनाई गर्छु माया सधैं
संसारमा हेर्छन् सबैले जात मेरी प्रिया

आकाशका तारा बनी आऊ तिमी साँझ पख
छेक्ने छु उर्लेको हुरी बर्सात मेरी प्रिया ।
सूत्र : २२१२.२२१२.२२१२.२१२

**

के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?



वैजयन्ती ७३ गजल अङ्क ४

## सुमन शर्मा

छरेर ज्ञान चेतना सचेतता जगाउँछु
गरेर प्रेम राष्ट्रको म एकता बनाउँछु

विशाल सान विश्वको अखण्ड सार्वभौम छ
निशान रक्त साँधमा त्यसै कहाँ हराउँछु

विलाप मातृभूमिको सुनेर बस्न सक्छ को ?
हरेर कष्ट दुष्टको यही धरा हसाउँछु

निधारमा म मृत्तिका घसेर हिँड्छु गर्वले
अनेक कर्मले धरा उचाइमा पुऱ्याउँछु

विकास गर्छु कामना सहर्षले समाजको
जपेर राष्ट्र भावना सधैं सधैं रमाउँछु ।
सूत्र : १२१२.१२१२.१२१२.१२१२

मिजौरी अमेरिका ।

**

के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?

**सिर्जना खनाल**

मनमा शान्ति हुँदा तन दुखाइयो
सुख केमा छ भनी धन लुटाइयो

गहिरा चोट थिए झन् जतातते
नबुझे झैं अझ खिल्ली उडाइयो

म दिगो प्रीति लगाउन हतारिएँ
त्यस कारण मनबाटै हटाइयो

मनमा लक्ष्य थियो साथ पाउने
किन गल्ती नगरे पनि सताइयो

नहुँदा ऊसँग एकान्तमा बसी
दिलका जीर्ण रहर सब जलाइयो

कति निर्धो छ नियम देशको पनि
पसिना पोख्न सिमाना कटाइयो ।
सूत्र : ११२२.११२२.१२१२

भैरहवा, रूपन्देही ।

**

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/





**सिर्जना सरोवर**

प्रेम विश्वास हो प्रेम आस्था पनि
प्रेम आराधना हो तपस्या पनि

प्रेमले जिन्दगी फूल झैं हाँस्दछ
प्रेम नै जून हो, हो सितारा पनि

प्रेमको घातले जल्छ यो रापमा
प्रेम आदर्श हो मौन भाषा पनि

प्रेमको आडमा जिन्दगी चल्दछ
प्रेम अन्धोपना प्रेम आँखा पनि

प्रेम सञ्जीवनी प्राप्ति आभास हो
प्रेम नै ज्योति हो दिव्य आभा पनि ।
सूत्र : २१२.२१२.२१२.२१२.२१२

उदयपुर ।

**

**हरि रिजाल 'हरिप्रिया'**

म गङ्गा नदी हुँ तिमी जून तारा
बनी आउ छाया किनारा किनारा

नुहाएर गङ्गा अचाएर पानी
सधैं प्रेम माया छरी राख प्यारा

म पूजा गरौंला सधै जूनलाई
बलाएर दीपक दिँदै अर्ग धारा

लिए सोच सुन्दर कहाँ हुन्छ दुःख ?
मिलेरै तिरौंला धराको छ भारा

उँचो माथ तिम्रो झुकाउन्न मैले
तिमी छौ र आकाश झलझल छ सारा ।
सूत्र : १२२.१२२.१२२.१२२

भरतपुर-९ चितवन ।

**

**के तपाईंले युद्युब र फेसबुकबाट हाम्रो खबरी नेपाल Khabari Nepal का कार्यक्रमहरू हेर्नुभएको छ ?**

**स्पन्दन विनोद**

विश्वास गर्छु मैले आशा दिएर जान्छिन्
मालिक बनेर आफ्नै आफै बिकेर जान्छिन्

संसारबीच सुन्दर जीवन समान मानेँ
के मूल्य हुन्छ तिम्रो माया भनेर जान्छिन्

टिक्दैन व्यर्थ सेखी जस्तै भए नि मान्छे
आगो बनेर आइन् जाँदा भिजेर जान्छिन्

सब थोक दिन्न भन्छिन् आँखा तरेर हाँस्दै
पोखेर प्यार सारा रित्तो उठेर जान्छिन्

बेहोस हुन्छु उनको छाया परे ममाथि
उल्टै नशा पिलाई के के गरेर जान्छिन्।
सूत्र : २२१.२१२२.२२१.२१२२

**

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**





**हरि पराजुली**

घायल भएछ युग यो उपचार पाइएन
जिउँदै मरेछ न्याय सरकार पाइएन

विज्ञानमा कयौं छन् हतियार काम लाग्ने
मनको हताश काट्ने औजार पाइएन

मदिरा पिएर चर्को आवाज गुञ्जनाले
आफन्तबाट राम्रो संकार पाइएन

जे जे गरेर आऊ जस्तो बनेर आऊ
ऐना हेरेर मनको शृङ्गार पाइएन

गर्छौं भनी बसेका सरकार छ भव्य उनकै
जनता समान देख्ने दरबार पाइएन

प्रेमीहरू कयौं छन् घरजम गरौं न भन्ने
मनमै गढेर बस्ने दिलदार पाइएन।
सूत्र २२१.२१२२.२२१.२१२२

झापा दमक।

**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ।

**हरिशरण खतिवडा**

अनेक वृत्तचित्र झैं छ यो निशान जिन्दगी
भएन ज्यूँन शिल्प क्यै भने भयो रछान जिन्दगी

म ढुक्क बन्न सक्दथें सँगै रमाउँदा हुँदी
तिमीविना उराठिलो हुने थकान जिन्दगी

हुरी बतास जोडले चले म थेग्न सक्दथें
कटाक्ष चाल जो चल्यौ भयो तुफान जिन्दगी

वसन्त फक्रिने सधैं हुँदैन काल भोगिने
भरी मिठास गाइने सुरम्य तान जिन्दगी

कला सुवासमा फुलून् मुसुक्क बागमा नयाँ
उदात्त भावना मिठा गरुन् उठान जिन्दगी

नपाइने रहेछ यो उसै त जन्म मानवी
निशान्त ज्ञान खोजिए चुलिन्छ मान जिन्दगी

उदार शील शिल्पले चमक्क चम्किने हुँदा
व्यथा परै भगाउने बनोस् निदान जिन्दगी।
सूत्र : १२१२.१२१२.१२१२.२१२२

**





**हिमोढ पहाडी**

अधर तिम्रो चुम्दै बितुन् रात सारा
नयनले बताउन् नयाँ बात सारा

तिमी ढुकढुकी हौ भनी सम्झिराख्छु
छिटै आए हुन्छ भुली जात सारा

सकेको तृषित बन्नु ए दिलकी रानी
पिलाऊँ म हर हालमा मात सारा

यो दुनियाँले हाम्रो मिलन देख्न पाओस्
खुसीले हराऊन् भए घात सारा

म केवल जीवन दिन्छु स्वीकार गर्नु
सोधे सुम्पियो भन्नु सौगात सारा।
सूत्र : १२२.१२२.१२२.१२२

लिस्वन, पोर्चुगल।

**

**तपाईंले हामीलाई भेट्न खोज्नुभएको हो ?**
रचना, विज्ञापन वा पुस्तक-पत्रिकाको लागि
**शब्दार्थ प्रकाशनको कार्यालय-चाबेल, गणेशस्थान**
**०१-४४९७३५१/९८४१-४९६१०३**
**mail:** nepal. vk@hotmail.com / nepal120@yahoo.com / shabdarthaprakashan@gmail. com
**web:** shabdarthaprakashan.com / nepalipublsher.com

## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा.कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्द्रप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा.जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत'मातृदास'(गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा'पण्डित'(संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीताकेशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा.राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाई (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (संस्मरण) | अङ्क ५०. डा.लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |

**'पुण्य तिलस्मी सरह दर्शन साहित्य सम्मान'बाट सम्मानित**
२०७७ विद्यानाथ उपाध्याय

**'नन्द आनन्द टुल्की दर्शन साहित्य सम्मान'बाट सम्मानित**
२०७७ नारायण तिवारी

**'आमोई पद्याख्यान पुरस्कार'बाट सम्मानित**
२०७७ होमनाथ सुवेदी

→





## साहित्य संवर्द्धन केन्द्र, नेपाल

**'साहित्य संवर्द्धन द्रष्टा सम्मान'बाट सम्मानित**
२०७० प्रा.डा.केशवप्रसाद उपाध्याय।
२०७१ प्रा.शिवगोपाल रिसाल
२०७२ प्रा.मोहनराज शर्मा
२०७३ प्रा.ठाकुर पराजुली
२०७४ प्रा.दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी
२०७७ कृष्णहरि बराल

**'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार'-२०४५**
२०७० प्रा. डा. वासुदेव त्रिपाठी
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ तारानाथ शर्मा
२०७५ भाउपन्थी
२०७७ नरेन्द्रराज शर्मा

**'विश्वज्योति सेवा सम्मान'बाट सम्मानित**
२०७१ श्री सत्य साईं केन्द्र, पूर्व काठमाडौं
२०७२ श्री सत्य उद्यान, ललितपुर
२०७३ शान्तदास मानन्धर
२०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
२०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ
२०७७ रोचक घिमिरे

**'शारदादेवी सिर्जना पुरस्कार'बाट सम्मानित**
२०७२ गीताकेशरी
२०७३ भागिरथी श्रेष्ठ
२०७४ भुवन ढुङ्गाना
२०७५ माया ठकुरी
२०७७ रमा शर्मा

**'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार'बाट सम्मानित**
२०७२ डा. टीकाराम अधिकारी
२०७३ प्रा.डा.वेणीमाधव ढकाल
२०७४ रमेश खकुरेल
२०७५ डा.विष्णुराज आत्रेय
२०७७ नारायणप्रसाद उपाध्याय

**'जम्बकुमारी-टीकावल्लभ साहित्य सम्मान'बाट सम्मानित**
२०७३ परशु प्रधान
२०७४ डा. राजेन्द्र विमल
२०७५ गणेश रसिक
२०७७ उत्तमकृष्ण मजगैयाँ

**'गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान'बाट सम्मानित**
२०७४ रोहिणीविलास लुईटेल
२०७५ बालकृष्ण उपाध्याय
२०७७ डिल्लीराज अर्याल

**'निर्मला-प्रेम साहित्य सम्मान'बाट सम्मानित**
२०७४ नेपाल बाल साहित्य समाज
२०७५ प्रमोद प्रधान
२०७७ रञ्जुश्री पराजुली

←

k5f/sf] kftf]

# गजलमा बहर र लचकताको निरुपण

डा.घनश्याम न्यौपाने परिश्रमी

## १ प्रविष्टि

गजल अरबी भाषिक मूलको शब्द हो । यस शब्दले कोशीय अर्थका रूपमा नारीसँगको संवार्तालाई बुझाउँछ । साहित्यमा भने यो काव्यको एउटा प्रभेद हो । काव्यिक प्रविधाका रूपमा यसको जन्म प्रथमतः इसाको सातौँ शताब्दीमा अरबी साहित्यिक धरातलमा नै भएको हो । यसपछि क्रमशः फार्सी, हिन्दी र उर्दू हुँदै र विशेषतः इस्लामिक जगत्का भाषासाहित्यमा आफ्नो खास पहिचान बनाउँदै यसले शब्दकोश र साहित्यकोश दुवैमा विश्वव्यापी विस्तार पाएको देखिन्छ । अतः संसारका हरेक भाषामा गजललाई अर्को कुनै नामले सम्बोधन गरिएको छैन, गजल नै भनिन्छ । पूर्वीय काव्यसंसारमा संस्कृत साहित्यको उन्नतावस्थासँगै अरबी र फार्सी भाषामा पनि वाङ्मयिक विकास भइरहेको अवस्थामा कसिदाबाट तसबिब हुँदै प्रथमतः प्रणय-भावाव्यञ्जनको पृथक् माध्यमका रूपमा गजलको उद्भव भएको हो । उद्भवसँगै यसमा विशेषतः सुसंस्कृत र शिष्ट भाषाको प्रयुक्तिले महत्त्व पाएको देखिन्छ ।

## २. गजलको वर्ण्य विषय

गजल प्रमुखतः अरबीमा प्रणयगीतका रूपमा चिनिएको तस्बिबको गर्भबाट जन्मिएको काव्यको एक प्रकार हो । यसको पदगत अर्थले पनि प्रेमिकासँगको संवादलाई सङ्केत गर्दछ । वस्तुतः गजलको उद्भव प्रेम र शृङ्गारकै पृष्ठभूमिबाट भएको दृष्टिगत हुन्छ । खासगरी स्त्रीसित सम्बन्धित अर्थको संवाहक भएकाले गजललाई पहिले पहिले प्रणयधर्मी र शृङ्गारिक काव्य विधाका रूपमा लिइन्थ्यो र शृङ्गाररस नै यसको मुख्य रस हुनुपर्दछ भन्ने दृढ मान्यता पनि थियो । त्यसैले त आज पनि पुरातनपन्थीहरू गजलको मूलकथ्य प्रेमविषयक नै हुनुपर्दछ भन्ने कुरामा आग्रह गर्दछन् ।

स्त्रीको वाणी वा स्त्रीसँगको कुराकानी भन्ने अर्थको आधारमा गजललाई प्रेम र शृङ्गारको सङ्कीर्ण परिवृत्तमा मात्र बन्दी बनाउने युगको समापन भइसकेको छ । आज वैश्विक रूपमा नै गजलको कथ्य विषय प्रेममा मात्र बन्धित छैन । यसको अर्थ विस्तार भइसकेको छ । आजका गजलकारहरूले पुरातन मान्यताको पर्खाल भत्काइसकेका छन् । अब प्रणयधर्मी र शृङ्गारिकताको सङ्कुचनबाट गजल उन्मुक्त भइसकेको छ । समाजमा आफूले देखेका, भोगेका, सुनेका र अनुभूति गरेका कुनै पनि विषयलाई आजका गजलकारहरूले गजलका सेरहरूमा प्रतिविम्बित गरेको पाइन्छ । वस्तुतः व्यक्तिको जिन्दगीको चित्र र समाजको प्रतिविम्ब बनिसकेको छ आजको गजल । सामाजिक, राजनीतिक र व्यावहारिक जीवनका विविध पक्षहरूले आजको गजलमा कथ्यका रूपमा स्थान ओगटिसकेका छन् । समसामयिक गजलको सेरोफेरोमा सामाजिक चेतनाको व्याप्ति देखिन्छ । प्रणयभाव मात्र गुन्गुनाउने हिजोको गजल आज विद्रोहको





स्वर उराल्ने, अव्यवस्था र अन्याय अत्याचार विरुद्ध कुर्लने काव्यविधाका रूपमा समेत चिनिन्छ ।

## ३. गजलका तत्त्वहरू

गजल मूलतः शास्त्रीय र प्राविधिक काव्यविधा हो । यसको संरचनाहेतु केही बाह्य र केही आन्तरिक तत्त्वहरू आवश्यक मानिन्छन् । यहाँ यी तत्त्वहरूको सामान्य चर्चा हुनु आवश्यक ठानेको छु ।

### ३.१ मिसरा र सेर

गजल भनेको सेरहरूको समष्टि रूप हो । एउटा सेरमा दुई पङ्क्ति हुन्छन् । सेरको प्रथम वा माथिल्लो पङ्क्तिलाई 'मिसरा ए उला' र द्वितीय वा तल्लो पङ्क्तिलाई 'मिसरा ए सानी' भनिन्छ । हरेक सेरको मिसरा ए उलाले कुनै विषयको उपस्थापन गर्दछ र मिसरा ए सानीले त्यसलाई पुष्टि गर्दै एउटा कथ्यको समापन गर्दछ । एउटा गजलमा कम्तीमा पनि पाँच सेर हुनुपर्दछ भन्ने काव्यशास्त्रीय मान्यता छ तापनि कतिपय फारसी र उर्दूका गजलकारहरूले नै चार सेरका मात्र गजलहरू पनि रचेको देखिन्छ । गायनका सन्दर्भमा त तीन सेर मात्र गाइएका प्रशस्त उदाहरणहरू भेटिन्छन् । पाँच सेरभन्दा अधिकतम सेरहरूको कुनै पनि निश्चित सङ्ख्या काव्यशास्त्रमा निर्धारण गरिएको पनि पाइँदैन । गजलमा धेरै सेर हुनु राम्रो पनि मानिँदैन । औसत गजलहरू पाँच सेरदेखि तेह्र सेरसम्मका हुन्छन् । साधारणतः हिन्दी उर्दू भाषामा एक्काईस वा बाईस सेरभन्दा बढी सेरका गजलहरू देखिँदैनन् तर नेपालीमा भने प्रयोगका रूपमा गजलमा नै खण्डकाव्य र महाकाव्यसमेत लेखिएका छन् । प्राचीन काव्यशास्त्रीहरूको कथन के छ भने गजलका सेरहरूको सङ्ख्या विषम हुनुपदर्छ तर यस मान्यतालाई कडाइका साथ परिपालन गरिएको भने पाइँदैन ।

गजलका प्रत्येक सेरहरू यद्यपि एउटै बहरमा समाबद्ध हुन्छन् तथापि विषयवस्तुको दृष्टिले तिनको स्वतन्त्र अस्तित्व रहेको हुन्छ । अझ यसो भनूँ, एउटा गजलमा जतिवटा सेरहरू छन् त्यति नै पृथक् पृथक् विषयवस्तु, भाव र विचार हुन्छन् । प्रत्येक सेरका कथ्य विषयमा पार्थक्य हुनु गजलको मौलिक विशेषता एवं मान्यता पनि हो । एउटै गजलभित्रका अलगअलग सेरहरूमा प्रेम, विरह, वेदना प्रकृति चित्रण, चिन्तनमनन, सामाजिक एवं राजनैतिक व्यङ्गय विद्रोह तथा विकृति विसङ्गतिजस्ता विविध पक्षहरूको प्रतिविम्बन गर्न गजलकारले पूर्ण रूपमा छुट पाएको हुन्छ यसर्थ गीत र कविताहरूमा जस्तै एउटै कथ्य विषयवस्तुको शृङ्खलाबद्ध प्रस्तुति गजलमा अपरिहार्य मानिँदैन । एउटै गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको शृङ्खलाबद्ध प्रस्तुति भएको गजललाई गजल मुसलसल भनिन्छ । विविध विषयवस्तुका सेरहरूबाट बनेको गजललाई गजल गैर मुसलसल भनिन्छ । गजल मुसलसलमा विषयवस्तु एउटै भए पनि प्रत्येक सेरहरू भने स्वायत्त हुन्छन् ।

### ३.२ काफिया

गजलमा काफियाको सर्वाधिक महत्त्व रहन्छ । काफियाविना गजल बन्नै सक्तैन । त्यसैले गजलरूपी शरीरको मुटुको रूपमा काफियालाई लिइन्छ । काफियाको शुद्ध र समुचित प्रयोगले नै गजललाई जीवन्त बनाएको हुन्छ । काफियामा स्वरमात्राको समता

हुनुपदर्छ । रदिफभन्दा पूर्व प्रयोग हुने अनुप्रासयुक्त पद, पदावली, अक्षर वा अक्षर समूहलाई नै काफिया भनिन्छ । हमकाफियाहरूमा अचल ध्वनि यथावत् रहनु र चल ध्वनिमा परिवर्तन हुनु यसको विशेषता हो । मतलाका दुवै मिसरा र अन्य सेरहरूका मिसरा ए सानीमा काफियाको प्रयोग हुन्छ । भाँड्ने माड्ने, गाड्ने, छाड्ने, तथा हुने, रुने, धुने, छुने/सहर, नजर, असर, बदर/पनि, अनि, शनिजस्ता स्वरको समता भएका शब्दहरू नै काफियाको रूपमा गजलमा प्रयोग हुन्छन् । जान्ने, सुन्ने, किन्नेजस्ता स्वरको सन्तुलन नमिलेका शब्दहरू काफियाको रूपमा स्वीकार्य हुँदैनन् । यसरी नै वास, काल, राम/सही, कहीँ /नाउँ पाउ/ पनि, धनीजस्ता शब्दहरूमा स्वर मात्राको समता भए पनि यस्ता शब्दहरू हमकाफियाका रूपमा प्रयोग हुन सक्तैनन् । बहाव, प्रभाव, चुनाव, दबाव, सुझावजस्ता शब्दहरू भने हमकाफियाका रूपमा प्रयोग हुन सक्छन् तर यिनका बहावको 'ब' प्रभावको 'प्र' र चुनावको 'चु' दबावको द, सुझावको सु भने काफियाको अनुप्रासेतर ध्वनिअन्तर्गत पर्दछन् । यहाँ हाव, भाव, नाव, बाव, झावजस्ता पदांशले काफियाको काम गरेका छन् । यसैगरी यो, हो, सन्चो, मीठो, काँचो, चर्को मेरोजस्ता एकल वा पदान्तमा आउने समस्वरको लेख्य एक अक्षरले पनि काफियाको मान्यता पाउँछन् । कतिपय अवस्थामा बन्छन्, भन्छन्, गन्छन्जस्ता काफियासँग मन छन्, वन छन्, पन छन्, उल्झन छन्जस्ता पदावली पनि मिलित हमकाफियाका रूपमा प्रयोग हुन सक्छन् ।

### ३.३ रदिफ

रदिफ गजलका लागि ऐच्छिक तत्त्व हो । काफिया र रदिफ दुवैको मञ्जुल समन्वितिले गजललाई आकर्षक र श्रुतिमधुर तुल्याएको हुन्छ । मतलाका दुवै मिसरा र अन्य सेरहरूका मिसरा ए सानीको अन्तमा प्रयोग हुने उही पद, पदावली अक्षर वा अक्षर समूहलाई नै रदिफ भनिन्छ । यो काफियाको ठीक पछाडिपट्टि प्रयोग हुन्छ । अनिवार्य तत्त्व नभए पनि यसको प्रयोगले गजलको सौन्दर्य प्रसाधनमा महत्त्वपूर्ण भूमिका खेल्ने र गायनका क्रममा श्रुतिमा मधुरतासमेत थपिने हुनाले अधिकांश गजलकारहरू यसलाई त्याग्न सक्दैनन् । सिकारु वा नवोदित गजलकारहरूमध्ये कतिपयले त रदिफलाई नै अनिवार्य तत्त्व ठान्दछन् बरु उनीहरू काफियालाई महत्त्व दिँदैनन् । वस्तुतः बुझ्नै पर्ने कुरा के हो भने काफियाविनाको गजल बन्नै सक्दैन तर रदिफविना गजल बन्न कुनै व्यवधान उत्पन्न हुँदैन । रदिफको प्रयोगको आधारमा रदिफ प्रयुक्त गजललाई **मुरद्दफ गजल** र रदिफ प्रयोग नभएको गजललाई **गैर मुरद्दफ गजल** भनिन्छ ।

### ३.४ मतला

मतला शब्दबाट 'प्रारम्भ' भन्ने अर्थ बुझिन्छ । गजलको पहिलो सेरलाई मतला भनिन्छ । मतलाका दुवै मिसरामा काफिया र रदिफको प्रयोग हुन्छ । (यदि गैरमुरद्दफ गजल भए मतलामा पनि रदिफ रहँदैन ।) एउटै गजलमा दुई सेरका मतला पनि हुन सक्छन् । यस्तो गजलको दोस्रो मतलालाई **हुश्ने मतला** वा **मतला ए सानी** भनिन्छ । कसै कसैले उपयुक्त मतला बनाउन नसकेर दुवै मिसरामा काफिया र रदिफको सन्तुलनको नियम उल्लङ्घन पनि गर्दछन् । त्यसो त काव्यशास्त्रका अनुसार गजलको





मतला सानुप्रासान्त हुनै पर्छ भनी अनिवार्य गरिएको छैन तर पनि यो नियम रूढ बनिसकेको छ । त्यसैले गजल भनेपछि मतला आवश्यकजस्तै देखिन्छ । वस्तुतः मतलाको व्यवस्थापनले गजललाई श्रुतिमधुर बनाउनका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । गजलकारले वाचन गर्दा वा गायकले गाउँदाखेरि प्रत्येक सेरहरूपछि मतलाको पुरावृत्ति गर्दछन्, जसबाट एक प्रकारको श्रुतिमधुरता र झङ्कारमयता प्रकट हुन्छ यसर्थ काफियाको दुवै मिसरामा सन्तुलित रूपमा प्रयोग भएको मतला हुनु गजलका लागि आवश्यक नै ठान्नु उपयुक्त हुन्छ । यसलाई गीतको स्थायी अंशजस्तै मान्न सकिन्छ ।

### ३.५ मक्ता र तखल्लुस

गजलको अन्तिम सेरलाई मक्ता भनिन्छ । यस शब्दले 'समाप्ति' वा 'काटिएको' भन्ने अर्थ बुझाउँछ । यसबाट के स्पष्ट हुन्छ भने 'मक्ता' भनेको गजललाई टुङ्ग्याउने अवयव वा अन्तिम सेर हो । मक्ताका मिसरामा साधारणतः गजलकारहरू आफ्नो तखल्लुख पनि प्रयोग गर्दछन् । तखल्लुस भनेको कविको छोटो नाम वा उपनाम हो । गजल सिद्धान्तका केही व्याख्याताहरूले तखल्लुस प्रयोग नभएको सेरलाई मक्ता भन्न मिल्दैन, अन्तिम सेर भन्नुपर्छ पनि भनेका छन् । वस्तुतः यो भनाइ युक्तिसङ्गत छैन । यदि अन्तिम सेरभन्दा पूर्ववर्ती सेरहरूमा गजलकारले तखल्लुस प्रयोग गरेमा त्यो सेर नै मक्ता बन्दैन । मक्ता भनेको गजललाई टुङ्ग्याउने अन्तिम सेर हो । जसमा गजलकारले तखल्लुस प्रयोग गर्न पनि सक्छ, नगर्न पनि सक्छ । तखल्लुस गजलार्थ अपरिहार्य तत्त्व होइन । यसको प्रयोग मूलतः अर्थको चमत्कार र गजलकारको चिनारीका लागि गरिएको हुन्छ । तखल्लुस प्रयोग भएका मक्ताका केही सेरहरू अवलोकनार्थ प्रस्तुत छन् :–

तिमीसाथ हुनेछ 'हुसैन' सधैँ
सुन अब्बल, दोयम, चारहरू - हुसैन खाँ (बहरमाला - १००)
चढे शिखर कुजाहरू
दङ्ग 'घनश्याम' भयो डा.घनश्याम परिश्रमी (जूनको चुम्बन-१२०)

### ३.६ तगज्जुल

तगज्जुल गजलको अत्यन्त महत्त्वपूर्ण आन्तरिक तत्त्व हो । संरचनाको विधानमा कुनै एक बहरमा रचिएको सेरहरूको माला गजल हो । यसका प्रत्येक सेरहरू कथ्यका दृष्टिले भने स्वायत्त हुन्छन् । यसर्थ यस्ता सेरहरू स्वयम्मा अर्थपूर्ण हुन्छन् । हरेक सेरमा चामत्कारिक र प्रभावोत्पादक अभिव्यक्ति गजलका लागि अपेक्षित हुन्छ । गीतमा जस्तो कोमलकान्त पदपदावलीको कलाले वा कवितामा जस्तो भावको गहनताले मात्र गजलका सेरमा तगज्जुल आभासित हुँदैन । वस्तुतः अर्थको चोटिलो र चमत्कारपूर्ण सहज र सुबोध्य अभिव्यक्ति नै तगज्जुल हो, जसमा पाठक वा श्रोतामा तत्काल प्रभाव पार्ने क्षमता हुन्छ । महत्त्वपूर्ण कथन वा सूक्तिजस्ता कण्ठाग्र हुने वा मुखमा झुन्डिन सक्ने ध्वन्यात्मक र वक्रोक्तिपूर्ण सेरहरूमा नै तगज्जुल अन्तर्निहित हुन्छ । अतः तगज्जुल गजलका सेरहरूमा अन्तर्भूत आर्थी सौन्दर्य हो । बहरमा लेखिँदैमा र काफिया मिल्दैमा यदि सेरहरूमा तगज्जुल छैन भने त्यस्तो रचना गजल हुन सक्दैन, त्यो त गजल नभएर गीत वा कविता मात्र हुन्छ यसर्थ गजलकारले गजल रचना गर्दा काफिया र बहर मात्र

मिलाएर हुँदैन, तगज्जुलपूर्ण सेरहरू कसरी पेस गर्न सकिन्छ भन्ने बारे गम्भीर हुनु आवश्यक हुन्छ ।

### ३.७. गजलका आन्तरिक तत्त्व तथा गुण र दोषहरू

गजललाई सार्थकता प्रदान गर्न बाह्य तत्त्वहरूले मात्र सक्दैनन् । बाह्य तत्त्व त यसको संरचनाका अवयव मात्र हुन् । वास्तवमा गजलमा आन्तरिक सौन्दर्य प्रदान गर्नका लागि आन्तरिक तत्त्वहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । भाव, अन्दाजे बयाँ (अभिव्यक्ति कौशल), तगज्जुल (चोटिलो र चमत्कारपूर्ण अभिव्यक्ति, जसको चर्चा माथि गरिएको छ), विम्ब र प्रतीक, कल्पना, सङ्गीतात्मकता, शिल्पशैली, तासिर (प्रभावोत्पादकता), सघन अभिव्यञ्जना, शकलमा सकलता (थोरैमा धेरै भन्न सक्नु), रस, अलङ्कार आदि गजलका आन्तरिक तत्त्वहरू हुन् ।

गजल काव्यको सुन्दर रूप हो । यो विभिन्न सौन्दर्य तत्त्वले अलङ्कृत हुन्छ । यसका लागि केही गुणहरू निर्धारण गरिएका छन् । स्पष्टता, प्रौढता, सेरमा अर्थपूर्णता, मिसरामा अन्योन्याश्रितता, उखान टुक्काको प्रयोग, गेयात्मकता, व्याख्यात्मकता, प्रतीकात्मकता, कोमलता, उक्ति वैचित्र्य, सरलता, व्याकरणिक शुद्धता आदि गजलका प्रमुख गुणहरू हुन् ।

गजलमा केही यस्ता पक्षहरू पनि छन् जुन गजलका दोष मानिन्छन् । गजल रचना गर्ने क्रममा अलिकति ध्यान नपुऱ्याउँदा गजलका सेरहरूमा दोष उत्पन्न हुन्छ । अस्पष्टता, अपूर्णता, दुरूहता, असमबद्धता, कुरूपता, अश्लीलता, व्याकरणिक अशुद्धता, विच्छेद, अनावश्यकता, पुनरावृत्ति, शब्द सङ्कोच, शाब्दिक कठोरता, अनादरता, वजन भङ्गता वा बहरहीनता, काफियाहीनता, ईता, इक्फा, तकाबुल आदि गजलका प्रमुख दोष मानिन्छन् ।

### ४. गजलमा बहर

गजलको पहिलो सर्त गायन हो । त्यसैले यसको निकटतम सम्बन्ध सङ्गीतसँग रहेको हुन्छ । गेयताकै कारण गजल अरुजशास्त्रबाट निर्दिष्ट कुनै न कुनै बहरमा लेखिन्छ । बहर भनेको छन्द हो, यो अरबी स्त्रीलिङ्गी शब्द हो । यसको मूल रूप **बह्र** हो । अरबी, फार्सी, उर्दू, तुर्कीजस्ता इस्लामी जगत्का भाषाहरूमा यसलाई बह्र नै भनिन्छ भने हिन्दी, नेपाली लगायतका आधुनिक आर्यभाषाहरू र अन्य भाषाहरूमा समेत यो **बहर** नामले चिनिन्छ । लय ढाँचाका दृष्टिले बहर छन्दको पर्यायवाची शब्द हो, सूत्रात्मक रूपमा धेरै छन्द र बहरहरू दुरुस्तै मिल्दछन् । यसर्थ पिङ्गल शास्त्रबाट अरुज शास्त्र धेरै मात्रामा अनुप्राणित छ तापनि यो संस्कृत परम्पराका पिङ्गल छन्दभन्दा बढी उदार र लचिलो हुन्छ । अरबी अरुजले यस्तो लचकताको अनुसरण युनानी अरुजबाट गरेको हो भनिएको छ । आठौँ शताब्दीमा ओमानमा जन्मिएका मुहम्मद इब्न अल फराहीदी अरबी अरुजका जन्मदाता मानिन्छन् । मूलतः वर्ण (अक्षर) र मात्रात्मक एकरूपताका आधारमा समभारबाट सिर्जना हुने सङ्गीत मैत्री लय नै बहर हो । जसरी छन्दोबद्ध कविताका लागि भ (SII), ज (ISI), स (IIS), य (ISS, र (SIS), त (SSI), म (SSS), न (III) जस्ता गणहरूको ज्ञान आवश्यक हुन्छ त्यसरी नै बहरमा गजल रचना गर्नका लागि अरुज शास्त्रबाट विहित रुक्न, अर्कानहरूको ज्ञानको आवश्यकता





पर्दछ । रुक्नहरू जुजबाट बन्दछन् । जुज भनेका रुक्न बन्ने एकाइ हुन् । जस्तै- I = (१ साकिन) लघु/ह्रस्व एकमात्रिक, S = (२ मुतहर्रिक) गुरु/दीर्घ द्विमात्रिक । १ ले लघुमात्रालाई र २ ले गुरु मात्रालाई बुझाउन पनि सकिन्छ । जुजहरू द्विमात्रिक (II), (S)/त्रिमात्रिक (IS), (SI) र चतुर्मात्रिक (IIS), (SII) हुन्छन् ।

अक्षरहरूमा लघु गुरुको पहिचान निम्नानुसार गर्नुपर्दछ -

लघुबोधक अक्षरहरू- अकार, इकार, उकार र ऋकार । जस्तै- अमला (११२), कमिलो (११२), हिमाल (१२१), गुरु (११), कृपा (१२) आदि ।

गुरुबोधक अक्षरहरू-आकार, ईकार, ऊकार, एकार, ऐकार, ओकार, औकार, अंकार, अःकार आदि ।

आमा (२२), ईश्वर (२११), केटी (२२), आफू (२२), केरा (२२) कैलाश (२२१), ओडार (२२१), चौकोस (२२१), संसार (२२१) आदि ।

विसर्ग लागेका सबै मात्राका लघु अक्षर गुरु मानिन्छन् । जस्तै- दुःख (२१), क्रमशः (११२), प्रायः (२२), पुनः (१२), प्रातः आदि ।

अगाडिको वर्ण तान्ने लघु अक्षर गुरु मानिन्छ । जस्तै- सक्छु (२१), शिक्षा (२२), लक्ष्य (२१), शक्ति (२१) यस्तो (२२), उल्लास (२२१), अन्याय (२२१), अक्षर (२११), सल्यान (२२१) फर्पिङ (२११) आदि ।

सक्यो, भन्यो, हिँड्यौँ, गऱ्यो, भऱ्याङ, खुल्योजस्ता शब्दका स, भ, हिँ, ग, भ र खु भने लघु नै हुन्, किनभने यी अक्षरले अगाडिका संयुक्त अक्षरका वर्णलाई तानेका छैनन् । केही आवश्यकताअनुसार अगाडिको संयुक्ताक्षर अन्तर्गतको वर्ण तानेर वा नतानीकन दोहोरो प्रयोग गर्न सकिने अक्षर पनि छन् । जस्तै- अस्वीकार (१२२१/२२२१), सुप्रभात (११२१/२१२१), घनश्याम (११२१/१२२१), सरस्वती (१११२/१२१२), सारस्वत (२१११/२२११) आदि । बहरका लागि सर्वप्रथम निम्न तालिका अनुसारका रूक्न तथा लघुगुरु वर्णहरू र तिनका भारको ज्ञान हुनु पर्दछ ।

| रूक्न | सङ्केत | मात्रा | उदाहरण |
|---|---|---|---|
| १. मफाईलुन् | (ISSS) | १,२,२,२ (लगुगुगु) | अँध्यारोमा |
| २. मुस्तफ्इलुन् | (SSIS) | २,२,१,२ (गुगलगु) | के के भयो |
| ३. फाइलातुन् | (SISS) | २,१,२,२ (गुलगुगु) | आज मेरो |
| ४. फऊलुन् | (ISS) | १,२,२ (लगुगु) | उज्यालो |
| ५. फाइलुन् | (SIS) | २,१,२ (गुलगु) | जिन्दगी |
| ६. मुतफाइलुन् | (IISIS) | १,१,२,१,२ (ललगुलगु) | कसरी तिमी |
| ७. मुफाइलतुन् | (ISIIS) | १,२,१,१,२ (लगुललगु) | सुनाइरहेँ |
| ८. मफ्ऊलातु | (SSSI) | २,२,२,१ (गुगुगुल) | कालो रात |

रूक्नहरूको बहुवचनलाई अर्कान भनिन्छ । यिनै अर्कानहरूको संयोजनबाट बहरहरूको निर्माण हुन्छ । फारसी उर्दू इल्मे अरूज (छन्दशास्त्र) ले गजल संरचनार्थ अनेकौं बहरहरू निर्दिष्ट गरेको छ । एउटै रुक्नको आवृत्तिबाट बनेका बहरहरू **मुफरद बहर** अन्तर्गत पर्दछन् भने फरकफरक रुक्नको मेलबाट बनेका बहरहरू **मुरक्कब बहर** अन्तर्गत पर्दछन् । केही रुक्नहरूलाई नतोडीकन र केहीलाई तोडेर वा सबै

तोडिएका रुक्नहरूबाट बनेका बहरलाई **मुजाहिफ बहर** अन्तर्गत राखिन्छ ।

रूक्नहरूमध्ये फऊलुन् र फाइलुन् तीन अक्षर र पाँच मात्राका छन् भने अरू चार र पाँच अक्षरका सबै सात मात्राका छन् ।

**४.१ मुफरद बहर :**

एउटै रूक्नको आवृत्तिबाट बन्ने बहरलाई मुफरद बहर भनिन्छ । यस अर्न्तगत हजज, रजज, रमल, मुतकारिब, मुतदारिक, कामिल, वाफिर नामक प्रमुख सातवटा बहर पर्दछन् । यिनका पनि निम्नलिखित तीन/तीनओटा भेदसहित जम्मा २१ वटा **मुफरद बहर** छन्-

अ) मुसम्मन सालिम- गजलको एउटा मिसरा एउटै रूक्नका चार अर्कानबाट बनेको छ भने त्यसलाई मुसम्मन सालिम भनिन्छ ।

आ) मुसद्दस सालिम- गजलको एउटा मिसरा एउटै रूक्नका तीन अर्कानबाट बनेको छ भने त्यसलाई मुसद्दस सालिम भनिन्छ ।

इ) मुरब्बा सालिम- गजलको एउटा मिसरा एउटै रूक्नका दुई अर्कानबाट बनेको छ भने त्यसलाई मुरब्बा सालिम भनिन्छ ।

**क) बहरे हजज मुसम्मन सालिम/ (पिङ्गल छन्द- विधाता)**

सूत्र- मफईलुन् ×४ (ISSS×४)

यता हेऱ्यो यतै मेरा नजरमा राम प्यारा छन्
उता हेऱ्यो उतै मेरा नजरमा राम प्यारा छन्

-मोतीराम भट्ट

**ख) बहरे हजज मुरब्बा सालिम/(पिङ्गल छन्द- सिन्धु)**

सूत्र- मफाईलुन् ×२ (ISSS×२)

कतै टाढा नजाऊ है
मनैमा यो थुनेको छु

-सरोज काफ्ले (अधरामृत)

**२.क) बहरे रजज मुसम्मन सालिम/(पिङ्गल छन्द-हरिगीतिका)**

सूत्र- मुस्तफइलुन् × ४ (SSIS×४)

चल्दैन पानी भन्दछौ यो के कुरा हो जान्दिनँ
जाती र पाती व्यर्थको संस्कार मैले मान्दिनँ

-सरोज काफ्ले (अधरामृत)

**ख) बहरे रजज मुसद्दस सालिम**

सूत्र-मुस्तफ्इलुन् × ३ (SSIS×३)

केही नभै हल्ला त्यसै चल्दैन रे
आगोविना राँको यसै बल्दैन रे

-घनेन्द्र ओझा

**ग) बहरे रजज मुरब्बा सालिम/(पिङ्गल छन्द-मधुमालती)**

सूत्र- मुस्तफ्इलुन्× २ (SSIS×२)

राखेँ यतै भाग्यौ किन
धड्कन् त्यसै माग्यौ किन ? -घनेन्द्र ओझा





**३.क) बहरे रमल मुसम्मन सालिम/(पिङ्गल छन्द-माधवमालती)**

सूत्र- फाइलातुन् × ४ (SISS×४)

याद आयो फेरि तिम्रो आँसु छल्कयो भो नजाती
प्यारले यस्तो गरायो कल्पिराखेँ धेर राति

-सरोज काफ्ले (अधरामृत)

**ख) बहरे रमल मुसद्दस सालिम**

सूत्र- फाइलातुन् × ४ (SISS×४)

जून चुहेको रात मलाई राम्रो लाग्छ
हर्षको बर्सात मलाई राम्रो लाग्छ

-डा. घनश्याम 'परिश्रमी' -जून चुहेको रात)

(यहाँ राम्रोको म्रो लघु मात्राका रूपमा प्रयोग भएको छ । यस्तो प्रयोगलाई मात्रा गिरावट भनिन्छ ।)

**४.क) बहरे मुतकारिब मुसम्मन सालिम/(पिङ्गल छन्द-भुजङ्ग प्रयात)**

सूत्र-फऊलुन् ×४ (ISS×४)

कटारी तिमी धस्तछ्यौ मुख लुकाई
म बस्छु हरे ! चित्तलाई फसाई

-शम्भुप्रसाद ढुङ्गेल

(यहाँ बस्छु को छु लघु छ तापनि गुरुका रूपमा प्रयोग भएको छ । यस्तो प्रयोगलाई मात्रा चढावट भनिन्छ ।)

**ख) बहरे मुतकारिब मुसद्दस सालिम**

सूत्र- फऊलुन् × ३ (ISS×३)

मलाई जसै हुन्छ पीडा
दुखेरै रुने मन तिमी हौ

-डा.घनश्याम 'परिश्रमी' (जूनको चुम्बन-३५)

**५.क) बहरे मुतदारिक मुसम्मन सालिम/(पिङ्गल छन्द-स्रग्विणी)**

सूत्र-फाइलुन् ×४ (SIS ×४)

याद आयौ तिमी चाँदनी रातमा
मुस्कुरायौ तिमी चाँदनी रातमा

-गोविन्दराज विनोदी

**ख) बहरे मुतदारिक मुसद्दस सालिम/(पिङ्गल छन्द-महालक्ष्मी)**

सूत्र-फाइलुन् ×३ (SIS ×३)

देश रोगी हुँदा झन् अचेल
राष्ट्रप्रेमी कहाँ छन् अचेल -डा. घनश्याम 'परिश्रमी'

**६.क) बहरे कामिल मुसम्मन सालिम/ (पिङ्गल छन्द- प्रमदानन)**

सूत्र- मुतफाइलुन् × ४ (IISIS × ४)

यतिसम्म प्रीति गरी गरी न यता भएँ न उता भएँ
न त मन लिएँ न त दी दिएँ न यता भएँ न उता भएँ

-मोतीराम भट्ट

**ख) बहरे कामिल मुसद्दस सालिम**

सूत्र- मुतफाइलुन् × ३ (IISIS × ३)
म त बस्छु है मुटुमाभ्रूमा अब बास द्यौ
अनि फेर्छु है तनसाथ त्यो प्रिय श्वास द्यौ
-घनेन्द्र ओझा (बहरमाला)

**७.क) बहरे वाफिर मुसम्मन सालिम**

सूत्र- मुफाइलतुन् ×४ (ISIIS) ×
चुनेर अझै सजाउनु है नयाँ सपनाहरू मनमा
हतास हुँदै भविष्य तिमी व्यथासँग भो नघोल्नू प्रिया
-सरोज काफ्ले (अधरामृत)

**ख) बहरे वाफिर मुसद्दस सालिम**

सूत्र- मुफाइलतुन् ×३ (ISIIS × ३)
उदास भए उमङ्ग सबै तिमी नहुँदा
हराउँदछन् कि रङ्ग सबै तिमी नहुँदा
-निर्मल ढुङ्गाना

**ग) बहरे वाफिर मुरब्बा सालिम**

सूत्र- मुफाइलतुन् ×२ (ISIIS × २)
म रोइरहेँ तिमी नहुँदा
र हाँसिरह्यौ तिमी म रुदाँ -डा. घनश्याम 'परिश्रमी'

ज्ञातव्य- आठौँ रूक्न अर्थात मफ्ऊलातु (SSSI) को मात्र आवृति (अर्कान) बाट कुनै पनि बहर बन्दैन। यो रुक्न मुरक्कब तथा मुजाहिफ बहरहरूमा जोडिएर प्रयोग हुन्छ ।

**४.२ मुरक्कब बहर**

भिन्नभिन्न रूक्नका सग्ला अर्कान मिलेर बन्ने बहरहरूलाई मुरक्कब बहर भनिन्छ। यस अन्तर्गतका बहरमा कम्तीमा कुनै एउटा सालिम रूक्नको आवृत्ति हुनुपर्दछ। मुन्सरेह, मुक्तजिब, मुजारे, खफीफ, वसित, मुजास, सरीअ, मुसाकील, जदीद, करीब, मदीद, कलीब, असम, सरीम, सगीर, हमीम, सलीम, कबीर, हमीद र तबील गरी बीसवटा बहरहरू प्रमुख मुरक्कब बहर मानिन्छन्। मुजारेबाहेक नेपालीमा मुरक्कब बहरको प्रयोग अति न्यून रूपमा भएको पाइन्छ ।

**४.३ मुजाहिफ बहर**

मूल रूक्नहरूसँग तोडिएका रूक्नहरू मिलेर वा पूरै तोडिएका रूक्नहरूबाट बनेका बहरहरू 'मुजाहिफ बहर' अन्तर्गत पर्दछन्। यस्ता बहरमा प्रयोग हुने परिवर्तित अर्थात् टुक्रिएका रूक्नहरूलाई जिहाफ भन्दछन्। प्रमुख मुजाहिफ बहर २२ प्रकारका मानिन्छन् तापनि यसरी अन्य दर्जनौं बहरहरू पनि बनेका पाइन्छन्। तिनको निर्माणमा माथिका बहरहरूको मिश्रित प्रभाव पर्दछ। यस्ता बहरहरू खासगरी मात्रा र लयभङ्ग नहुने गरी बन्दछन् र पूर्णतः सङ्गीत सापेक्ष हुन्छन् । हजज अखरब अबतर मुसद्दस, हजज मुसम्मन मकबुज, हजज मुसद्दस मकबुज, रमल मुसद्दस महजुफ, रमल मुसम्मन





मखबुन महजुफ, रमल मुरब्बा महजुफ, मुतकारिब मुसम्मन महजुफ, मुतकारिब मुजाहिफ असलम मकबुज, मुजारे मुसम्मन अखरब, मुतकारिब मकबुज असलम, खफिफ मखबुन महजुफ मुन्सरेह, खफिफ मुसद्दस मखबुन महजुफ, मुतदारिक मुजाहिफ, मुतकारिब असलम महजुफ आदि मुजाहिफ बहर हुन्। जिहाफका केही उदाहरण तल प्रस्तुत छन्-

फाफे (S), मफा (IS), फाल (SI), फैलुन (SS), फइलुन् (IIS), फऊलु (ISI), मफ्ऊलु (SSI), मफ्ऊलुन् (SSS), मफऊलु (IISI), मफाईलु (ISSI), मुफाइलुन् (ISIS), फयलातुन् (IISS), फाइलतुन् (SIIS), फाइलातु (SISI), मुतफाइलुन् (IISIS) आदि ।

मुरक्कब र मुजाहिफ बहरका केही उदाहरणहरू द्रष्टव्य छन् -

**१) बहरे रमल मुसम्मन महजुफ (पिङ्गल छन्द- मेनका/गीतिका)**

सूत्र - फाइलातुन् ×३+फाइलुन् (SISS×३ +SIS)
यस बखतमा प्रीति गर्नू जालमा फस्नू न हो
आशमा पर्नू त चोखा धारमा बस्नू न हो -मोतिराम भट्ट

**२) बहरे रमल मुसद्द महजुफ**

सूत्र - फाइलातुन् ×२+फाइलुन् (SISS×२ +SIS)
आज यौटा घात आयो प्यारमा
फेरि कालो रात आयो प्यारमा
-घनेन्द्र ओझा (बल्झेर याद तिम्रो)

**३) बहरे मुतकारिब अस्लम मकबुज (पिङ्गल छन्द- उपेन्द्रबज्राभन्दा १ अक्षर कम)**

सूत्र - मफाइलुन् + फाइलुन् + फऊलुन् (ISIS+SIS+ISS)
जसै नमिल्ने विचार हुन्छन्
अनेक घातक प्रहार हुन्छन्
-डा. घनश्याम 'परिश्रमी'(जूनको चुम्बन पृ. ९८)

(यहाँ घातक को तकमा दुई लघुमात्रा छन् तापनि एक गुरुका रूपमा प्रयोग भएको छ । यस्तो प्रयोगलाई मात्रा मिलावट भनिन्छ । यसको बारेमा तल चर्चा गरिएको छ ।)

**४) बहरे हजज मुसम्मन मकबुज / (पिङ्गल छन्द- पञ्चचामर)**

सूत्र- मुफाइलुन् × ४ (ISIS× ४)
मलाई नित्य चित्तमा लिएर चल्दछिन् उनी
जसै म पुग्छु द्वारमा धपक्क बल्दछिन् उनी -गोविन्दराज विनोदी

**५) बहरे मुतकारिब मुसम्मन महफुज (पिङ्गल छन्द-भुजङ्गी/प्रमाणिका)**

सूत्र- फऊलुन् × ३ + मफा (ISS×3+IS)
चिठी पत्रद्वारा खबर मात्र भो
तिमीलाई भेट्ने रहर मात्र भो -डा. घनश्याम 'परिश्रमी'

६) **बहरे मुतदारिक मुसद्दस मक्तुअ**

सूत्र- मस्तफ्+फैलुन् ×३ (SS+SS×3)

आफ्नोआफ्नो हक खोज्दै छन् जनता सारा
भाँच्दै शाही, सामन्ती संस्कारका दारा

-डा.घनश्याम 'परिश्रमी'

**७) बहरे हजज अखरब अबतर मुसद्दस (पिङ्गल छन्द- तोटक)**

सूत्र-मफऊलु+मफा+मफऊलु+मफा (IISI+IS)×2 वा

मुतफाइलुन् ×२ (IIS×IIS)× २

तिमी साथ हुनेछ, हुसैन सधैं
सुन अब्बल, दोयम, टारहरू

-हुसैन खाँ

गणतन्त्र फुलोस् गणतन्त्र फुलोस्
नवनीति लिई अब राज्य चलोस्

-डा. घनश्याम 'परिश्रमी'(जूनको चुम्बनबाट)

८) **बहरे मुजारे (पिङ्गल छन्द-दिकपाल)**

सूत्र-मफ्ऊलु + फाइलातुन्× 2(SSI+SISS×2)

रोएर दिन बिताएँ तारा गनेर राती
निठुरी रहेछ तिम्रो पत्थर समान छाती

-उपेन्द्रबहादुर 'जिगर'

**५ बहरमा लचकता**

पिङ्गल छन्दमा लघुगुरुको अनुपालन अत्यन्त कठोर रूपमा गर्नुपर्दछ। छन्दशास्त्रमा 'अपि मासम् मसम् कुर्यात् छन्दोभङ्गम् नकारयेत्' अर्थात् बरु मासलाई मस बनाउनु तर छन्द नबिगार्नु भनिएको छ । तर अरुजशास्त्रले बहरका लयमा आघात नपर्ने गरी आवश्यकता अनुसार मात्राको वजन वा भारमा परिवर्तन गर्न पनि प्रशस्त छुट दिएको छ । यो नै बहरको लचकता र उदारता हो । बहरको गहन अध्ययन नगरेका र छन्दशास्त्रमा मात्र दखल भएका केही विद्वान् एवम् छन्दवादी गजलकारहरूले बहरमा हुने लचकताको विरोध गरेको पनि पाइन्छ। तर यस्तो विरोध अज्ञानता वा अध्ययनको कमीले गर्दा भएको हो । बहरको लचकता वा छुटलाई मात्रागिरावट, मात्रामिलावट र मात्राचढावटका आधारमा अध्ययन गर्नु उचित हुन्छ ।

**५.१ मात्रा गिरावट**

दीर्घमात्रालाई ह्रस्वका रूपमा प्रयोग गर्नु मात्रागिरावट हो । बहरमा आकार, ईकार, ऊकार, एकार र ओकारलाई उच्चारणको लयमा ह्रस्व अर्थात् १ मात्राका रूपमा पनि सहजै प्रयोग गर्न सकिन्छ। उर्दू र हिन्दीमा त ऐकारलाई पनि १ मात्रामा प्रयोग गरिएका प्रशस्त उदाहरण भेटिन्छन्। जस्तै- मेरो शब्दमा दुई गुरु (२२) छन्। यसलाई (११) वा (१२) वा (२१) मा पनि प्रयोग गर्न सकिन्छ। **जीवन**मा गुरु र लघुलघु (२११) मात्रा छन्। यसलाई (२२) वा (१२) का रूपमा पनि प्रयोग गर्न सकिन्छ। जून शब्दमा (२१) मात्रा छन्। यसलाई दुई लघु (११) बनाउन सकिन्छ। जिन्दगी शब्दमा (२१२) मात्रा छन्। यसलाई (२११) उच्चारण हुने गरी पनि प्रयोग गर्न सकिन्छ। यसरी प्रयोग





गर्ने क्रममा लेख्दा भने व्याकरणको नियमलाई नै पछ्याउनु पर्दछ। छन्दमा जिन्दगी यदि (२११)का रूपमा प्रयोग भएको भए जिन्दगि लेख्नुपर्थ्यो ।)

मेरो दिलको धडकन तिमी हौ
म बाँचेको जीवन तिमी हौ

-डा. घनश्याम परिश्रमी

(फऊलुन् × ३ (ISS×३) सूत्रमा लेखिएको माथिको सेरमा **मेरोको** मे, **दिलको**को को र **बाँचेको**को को गुरु भए पनि लघु मात्राका रूपमा प्रयोग भएका छन्। यस्तो प्रयोगलाई मात्रा गिरावट भनिन्छ। छन्दमा यस्तो छुट पाइँदैन ।)

**५.२ मात्रा मिलावट**

दुई ह्रस्वमात्रालाई एक दीर्घमात्राका रूपमा प्रयोग गर्नु मात्रामिलावट हो। बहरमा आकार, ईकार, ऊकार, एकार, ऐकार, ओकार, औकार, अंकार आदिका विकल्पमा सहज रूपमा उच्चारण हुन सक्ने दुई लघुबाट एक गुरुको काम लिन सकिने छुट छ। यो छुटलाई सहजै उपयोग गर्न सकिन्छ। जस्तै-मन, दिल, पिर, सुन, धन, भिर, दल, किन, रवि, कवि, तल, पुर, नभ यी सबै शब्दको मात्रा (११) छ तापनि आवश्यक परे एउटा मात्र (२) मात्राका लागि पनि प्रयोग गर्न सकिन्छ । यसरी नै सहर, नजिर, कुशल, कमल, हृदय, महलजस्ता शब्दहरूको मात्रा (१११) हो तापनि (१२) गर्न सकिन्छ। दुनियाँ, निठुरी, गुलियो, हरियो, कलिलो, अमला, धमिरो, सहरी, झुपडी, टहरो, गरिबी यी सबै शब्दको मात्रा (११२) छ तापनि आवश्यक परे (२२) मात्राका लागि पनि प्रयोग गर्न सकिन्छ। यसरी नै आवश्यकता परेको अवस्थामा दोहोरो किसिमले प्रयोग गर्न सकिने छुट पनि छ। जस्तै- सहर (स, हर् वा सह, र) नजर (न, जर् वा नज, र), गरिब - ग, रिब् वा गरि, ब) रहर (र, हर् वा रह्, र), (१२वा २१)। सहरमा, नजरले, महलको, कुशलता, कमलिनी जस्ता शब्दहरूको लेख्य मात्रा (१११२) छ तापनि आवश्यक परे बहरमा (१२२) वा (२१२) मात्राका लागि पनि प्रयोग गर्न सकिन्छ ।

रोएर दिन बिताएँ तारा गनेर राती
निठुरी रहेछ तिम्रो पत्थर समान छाती

-उपेन्द्रबहादुर 'जिगर'

(मफ्ऊलु + फाइलातुन्× २ (SSI+SISS×2) सूत्रमा लेखिएको माथिको सेरमा **दिन,** निठुरीको **निठु** र पत्थरको **थर**मा दुई लघुमात्रा छन् तापनि यी तीनवटै पद/पदावली एक एक गुरु (मुतहर्रिक)का रूपमा प्रयोग भएका छन्। यस्तो प्रयोगलाई मात्रा मिलावट भनिन्छ। पिङ्गल छन्दमा यसरी मिलाउने छुट पाइँदैन ।)

**५.३ मात्रा चढावट**

एउटा मात्र ह्रस्वमात्रालाई मिसराको अन्तमा तथा लयका अडानहरूमा दीर्घमात्राका रूपमा प्रयोग गर्नु मात्राचढावट हो। उर्दू र हिन्दीमा यो छुट अमान्यजस्तै छ तर नेपालीमा यसको व्यापक र सफल प्रयोग भइरहेको छ ।

कटारी तिमी धस्तछ्यौ मुख लुकाई
म बस्छु हरे ! चित्तलाई फसाई

-शम्भुप्रसाद ढुङ्गेल

नयाँजस्तो भयो बेला जमाना उल्टिएको छ
नहेरौं बाघको खेला जमाना उल्टिएको छ
-नारायणप्रसाद घिमिरे 'अहम् स्रष्टा'(अरुज विज्ञान-१२७)

(माथिको पहिलो सेर फऊलुन् ×४ (ISS×४) सूत्रमा लेखिएको छ । यसमा बस्छु को छु लघु (साकिन) छ तापनि गुरु (मुतहर्रिक)का रूपमा प्रयोग भएको छ । छन्दमा भए बस्छू लेख्नुपर्थ्यो । यसरी नै दोस्रो सेर मफाईलुन् ×४ (ISSS×४) सूत्रमा लेखिएको छ। यसमा अन्तको रदिफ छ पनि लघु (साकिन) छ तापनि गुरु (मुतहर्रिक)का रूपमा प्रयोग भएको छ । यस्तो प्रयोगलाई मात्रा चढावट भनिन्छ ।)

## ६. समापन

